पूर्णाङ्क १०, चौमासिक
• ०७४ वैशाख/असार

# प्राज्ञिक संसार

# Academia
Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np

## इलाममा राष्ट्रिय नाटक महोत्सव





## हेटौंडामा राष्ट्रिय सङ्गीत तथा नृत्य महोत्सव

## सम्पादकीय

# सफल आर्थिक वर्ष २०७३/०७४

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आर्थिक वर्ष २०७३/०७४ सम्पन्न भएको छ । यो आर्थिक वर्ष प्रतिष्ठानको इतिहासमा महत्वपूर्ण वर्ष सावित भएको छ ।

आव २०७३/७४ को सबैभन्दा महत्वपूर्ण कार्य भनेको सङ्गीत नाटकसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना हो । मुलुकका सातओटै प्रदेशको लोकसङ्गीत, नृत्य, नाटक, लोक संस्कृति जस्ता विविध पक्षको करिब एक वर्ष लामो अनुसन्धान गरेर हरेक प्रदेशको अनुसन्धान ग्रन्थ तयार गरिएको छ । अब यो ग्रन्थले सम्बन्धित प्रदेशको लोकसङ्गीत, नृत्य, नाटक तथा विविध लोक संस्कृतिबारे जानकारी लिनका साथै यस्ता लोक संस्कृतिका जगेर्ना तथा विकासका लागि भावी योजना बनाउन सहज भएको छ । अनुसन्धानको क्षेत्रमा यस प्रतिष्ठानको यो अहिलेसम्मकै महत्वपूर्ण उपलब्धि हो ।

यस्तै आव २०७३/७४ मा मोफसलस्थित इलाममा राष्ट्रिय नाटक महोत्सव सम्पन्न भएको छ । राजधानी केन्द्रित यो महोत्सवलाई गत वर्षबाट मोफसलमा लगिएको हो । यस वर्ष इलाममा सम्पन्न महोत्सवमा त्यस क्षेत्रका दर्शकको उल्लेख्य सहभागिता रह्यो । चार दिनसम्म चलेको महोत्सवमा विभिन्न नौओटा नाटक मञ्चन गरियो ।

यस्तै, हेटौंडामा सम्पन्न तीन दिवसीय सङ्गीत, नृत्य महोत्सव पनि यस वर्षको अर्को सफलता हो, जहाँ सातओटै प्रदेशका विभिन्न लोकसङ्गीत, नृत्य, शस्त्रीय सङ्गीत प्रस्तुत गरियो । यस्तै, हेटौंडाका अग्रज स्रष्टालाई पनि सम्मानित गरियो ।

विगतका वर्षदेखि आयोजना हुँदै आएको डबली यात्रालाई निरन्तरता दिँदै यो आर्थिक वर्षमा ललितपुरको गोदावरी र रामेछापको मन्थलीमा डबली यात्रा आयोजना गरियो । यस्तै, कैलालीमा थारू नृत्य प्रशिक्षण, कीर्तिपुरमा धिमे बाजा प्रशिक्षण, संखुवासभामा विविध लोकनृत्य प्रशिक्षण पनि यो आर्थिक वर्षको उपलब्धि हो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र समकक्षी सङ्गीत नाट्य अकादेमी दिल्लीबीचको दिल्लीमा भेटघाट, आगामी सहकार्यबारे सम्झौतालगायतका महत्वपूर्ण कार्य पनि यो आर्थिक वर्षमा भयो । मुस्ताङको बाह्र वर्षीय मेला र त्यहाँको प्रस्तुति कलाको अनुसन्धान, लमजुङमा रोदी महोत्सव जस्ता कार्य पनि यसपटक सम्पन्न भयो । यस्तै, थुप्रै महत्वपूर्ण कार्य सफल तुल्याउँदै आव २०७३/७४ यस प्रतिष्ठानका लागि सफल वर्षको रूपमा सम्पन्न भएको छ ।

## विषय-सूची


हेटौंडामा भव्य भयो राष्ट्रिय सङ्गीत तथा नृत्य महोत्सव | ३
राष्ट्रिय नाटक महोत्सव २०७४ को भव्य उद्घाटन | ६
लोकगीत सम्मेलनमा सात प्रदेशकै लोकभाका | १७
अमर स्रष्टा अम्बरको सम्झना | १८
प्रदेश-५ को लोकसङ्गीतबारे अन्तरक्रिया | १९
भव्य भयो विश्व सङ्गीत दिवस २०१७ | २०
सङ्गीत तथा नाट्य अकादेमी र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबीच द्विपक्षीय भेटघाट | २२
पूर्वेली लोकभाकामा आधारित एकल नृत्य प्रतियोगिता सम्पन्न | २६
मन्थलीमा डबली यात्रा सम्पन्न | २७
भानुलाई सम्झँदै साङ्गीतिक सद्भाव | २८




# हेटौंडामा भव्य भयो राष्ट्रिय सङ्गीत तथा नृत्य महोत्सव







हेटौंडा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा गत २२ देखि २४ जेठ २०७४ मा हेटौंडाको उद्योग वाणिज्य संघको पल्पसा हलमा तीन दिवसीय 'राष्ट्रिय सङ्गीत तथा नृत्य महोत्सव-२०७४ भव्य रूपमा सम्पन्न भयो ।

महोत्सवमा मेचीदेखि महाकालीसम्मका विभिन्न जातजाति, समुदायका कलाकारले प्रत्यक्ष रूपमा आफ्ना लोकनृत्य, लोकसङ्गीत एवं लोकगायन प्रस्तुत गर्दा विविध संस्कृतिको संगम बनेको थियो । महोत्सव तीन दिनसम्म सङ्गीत र नृत्यमय भएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा आयोजना गरिएको महोत्सवको २२ जेठमा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबोल महतले रिवन काटेर उद्घाटन गर्नुभयो ।

महोत्सवको उद्घाटनअघि कलाकारहरूले पञ्चेबाजा, सांस्कृतिक भेषभुषासहित हेटौंडा बजारमा सांस्कृतिक र्‍याली गरेका थिए । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को सभापतित्वमा सम्पन्न महोत्सवको उद्घाटन समारोहमा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले स्वागत मन्तव्य राख्दै महोत्सवबारे प्रकाश पार्नुभएको थियो ।

कुलपति सरूभक्तले नेपालभित्रका भाषा, संस्कृति र त्यसभित्रका नाट्य, सङ्गीत, नृत्य, वाद्यवादन जस्ता कलाको संरक्षण र सम्बर्द्धनका लागि प्रतिष्ठानले विभिन्न कार्यक्रम विगतमा क्षेत्रीयस्तरमा भए पनि यसपटकबाट राष्ट्रियस्तरमा सङ्गीत तथा नृत्य महोत्सव नै आयोजना गरिएको बताउनुभयो ।

महोत्सव संयोजक एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानले उद्घाटन समारोहलाई सम्बोधन गर्दै अब वर्षैपिच्छे महोत्सव हुने जानकारी गराउनुभयो । उहाँले देशभरका जातजातिको संस्कृतिलाई जगेर्ना गर्दै सबै क्षेत्रमा उनीहरूको भेषभुषा एवं गायन र नृत्यको शैलीबारे जानकारी गराउन यसपटक हेटौंडामा पहिलो राष्ट्रिय महोत्सव आयोजना गरिएको बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाका मेयर महतले महोत्सवका लागि हेटौंडालाई रोजेर तीन दिनसम्म विविध संस्कृतिमय बनाइदिनु





भयो भन्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमका अतिथिमा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद शर्मा दवाडी, मकवानपुर जिल्ला समन्वय समिति प्रमुख नारायण मैनाली, प्रहरी उपरीक्षक वसन्तकुमार लामा, उद्योग वाणिज्य संघ मकवानपुरका राजकुमार न्यौपाने, अग्रज गायक उस्ताद भोला जोशीलगायत हुनुहुन्थ्यो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले महोत्सव आयोजनामा सघाउने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

देशभरबाट आएका विभिन्न कलाकारले सो उद्घाटनपछि आफ्ना विविध वाद्यवादनका साथ लोकगीत, सङ्गीत, नृत्य प्रस्तुत गरेर महोत्सवको रौनकता बढाएका थिए ।

सो क्रममा कोसीबाट सञ्जीव धिमालले धिमाल गीत, साधना कला केन्द्रद्वारा पूर्वेली गर्रा नृत्य र सुदूरपश्चिमाञ्चलको छलिया नृत्य प्रस्तुत गरिएको थियो । यस्तै, पूर्वबाट सत्यनारायण चौधरीको थारू गीत, मध्यमाञ्चलबाट शोधा यादवको मैथिली गीत, जनकपुरबाट नवीन मिश्रको झिझिया नृत्यले पनि कार्यक्रमको शोभा बढाएको थियो । प्रतिष्ठानका प्राज्ञ सभा सदस्य बृजकिशोर सहनीले प्रस्तुत गर्नुभएको भोजपुरी गीत आकर्षक थियो ।

चितवन सौरहाका राजेन्द्र हमालको लाठी नृत्य, चितवनकै चन्द्र गुरूङको लोकगायन प्रस्तुति सशक्त थियो । यस्तै, मध्यमाञ्चलबाट रीता बुढाथोकीको टप्पा गीत, सुदूरपश्चिमबाट यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य भोजराज भट्टको देउडा गायनमार्फत दर्शकले महोत्सवमा विविध सङ्गीतको स्वाद लिएका थिए ।

महोत्सवको दोस्रो दिन २३ जेठ शास्त्रीय सङ्गीतमय भएको थियो । सो दिन परम्परागत तथा शस्त्रीय सङ्गीतको विकासक्रम, यसको वर्तमान अवस्था र भविष्यबारे बहस गरियो ।

नेपाल ललितकला क्याम्पसका सहप्राध्यापक शिवराम पौडेलले 'शास्त्रीय सङ्गीतको आवश्यकता र महत्व, एक विवेचना' शीर्षकबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै, नेपाल ललितकला क्याम्पसका सहप्राध्यापक दुर्गा खतिवडाले 'बाँसुरी वादन एक सिंहवालोकन' शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँहरूको कार्यपत्रमाथि विभिन्न व्यक्तिहरूको टिप्पणी गर्नुभएको थियो ।

कार्यपत्र प्रस्तुतिपछि विभिन्न कलाकारले शास्त्रीय सङ्गीतका राग प्रस्तुत गर्नुभयो । कलाकारहरूबीच शास्त्रीय सङ्गीत प्रस्तुतिका क्रममा जुगलबन्दीसँगै ताल प्रस्तुतिमा भएको प्रतिस्पर्धाले दर्शकलाई निरन्तर आकर्षण गरिरह्यो । शास्त्रीय सङ्गीत कार्यक्रममा पनि दर्शकको उल्लेख्य उपस्थिति थियो । कार्यक्रममा शिवराम पौडेलले गायन, अच्युतराम भण्डारीले तवला, दुर्गा खतिवडाले बाँसुरी र रामकुमार अर्यालले सितारमा शास्त्रीय राग प्रस्तुत गर्नुभएको थियो ।

महोत्सवको तेस्रो दिन २४ जेठमा राष्ट्रियस्तरका कलाकारहरूले आफ्ना चर्चित गीतसङ्गीत प्रस्तुत गर्नुभएको थियो । तुलसी पराजुलीको लोकगायन, मिना निरौलाको ठमेल बजार...बोलको गीतले दर्शकलाई नचाएको थियो । यस्तै, टीका प्रसाई, चेतन सापकोटा, कमल क्षत्री, विनय बुढाथोकी, साजन राई, कृष्ण सिंह, सुनिता शर्मा, राजकुमार गहतराजको गायन पनि सशक्त थियो । स्थानीय कलाकार तुलुकबहादुर लामा, सुनकुमार मानन्धर, राजकुमार रिसाल, रमेश गहतराज, अस्मिता ढकाल, दिपीका शर्माको








नृत्य पनि आकर्षक बनेको थियो ।

अग्रज स्रष्टालाई सम्मानका साथै सहभागी कलाकार, वाद्यवादक, सहयोगीलाई प्रमाणपत्र वितरणसहित २४ जेठ अपरान्ह तीन दिवसीय महोत्सव समापन भएको थियो।

समापन समोहरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले प्रतिष्ठानका तर्फबाट मकवानपुरका अग्रज सङ्गीतकर्मीलाई सम्मान गर्नुभयो । नेपाली गीत सङ्गीत क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याएको भन्दै अग्रज लोकसङ्गीतकार उत्साद भोला जोशी, शम्भुप्रसाद बासकोटा, कृष्णगोपाल सिंह, सुशीला मानन्धर पाण्डे, सानुकाजी महर्जनलाई सम्मानित गरिएको थियो।

समापन समारोहलाई सम्बोधन गर्दै उपकुलपति शम्भुजीतले यसरी हामीले सीमावर्ती क्षेत्रको वरिपरिका जिल्लाका स्थानीय कलाकारलाई बढी प्राथमिकतामा राखेर कार्यक्रम सम्पन्न गरेको बताउनुभयो। नेपाली सुगम सङ्गीत, शास्त्रीय सङ्गीत, लोकसङ्गीत, लोकनृत्यलाई समेटेर महोत्सव सम्पन्न गरिएको छ भन्दै उहाँले हेटौंडावासीलाई धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रम संयोजक एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानले कार्यक्रम सोचेभन्दा भव्य र सभ्य भएको जिकिर गर्दै आउँदा दिनमा पनि यस्ता महोत्सव गर्दै जाने बताउनुभयो।

यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले महोत्सवको विशेषताबारे प्रकाश पार्दै सहयोगीलाई धन्यवाद ज्ञापन गर्नुभयो।

महोत्सवलाई सम्पन्न गर्न नेपाल सङ्गीत कला केन्द्र, भोजपुरीया लोक संस्कृति मञ्च पर्सा, मकवानपुर गुरूङ समाज, मगर समाज हेटौंडा, नेपाल तामाङ घेदुङ हेटौंडा, जगतकृष्ण प्रजापति स्मृति प्रतिष्ठान, तलेजु सांस्कृतिक कला केन्द्र, साधना कला केन्द्र, हेरो मिथिला सांस्कृतिक समूह जनकपुर, नेपाल स्काउट, नेवा पुचः, गुरूङ समाजलगायतको सहयोग रहेको थियो।





# राष्ट्रिय नाटक महोत्सव २०७४ को भव्य उद्घाटन





इलाम। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा गत २२ देखि २५ जेठ २०७४ सम्म इलाममा भव्यतापूर्वक 'राष्ट्रिय नाटक महोत्सव-२०७४' सम्पन्न भयो।

चार दिनसम्म इलामको गौतम बुद्ध हलमा आयोजना गरिएको महोत्सवको २२ असार बिहान नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले पानसमा दियो बालेर उद्घाटन गर्नुभयो। सो अवसरमा सरूभक्तले जीवन नै नाटक रहेको र नाटक नै जीवन रहेको मन्तव्य राख्नुभयो। 'प्रकृतिले नाटक खेलिरहेको समय असारको मौसममा नाटक महोत्सव आयोजना गरिँदा यसको सुन्दरता अझ थपिएको छ,' कुलपति सरूभक्तले भन्नुभयो। उहाँले नाटक र प्रकृतिको सम्बन्धबारे प्रकाश पार्दै प्रकृतिका सम्पूर्ण संरचना, प्रकृतिका सम्पूर्ण निर्माण प्रक्रिया, प्रकृतिका सम्पूर्ण सौन्दर्य नाटकीय रहेको बताउनुभयो।

कुलपति सरूभक्तले पूर्वको पर्वतहरूकी रानीको रूपमा परिचित इलाममा नाट्य महोत्सव आयोजना गर्न पाउँदा खुसी लागेको बताउनुभयो। उहाँले महोत्सवलाई सफल बनाउन सहयोग गर्ने समस्त इलामबासी जनता, प्रशासन, उद्योग वाणिज्य संघ, विभिन्न संघसंस्थाप्रति आभार व्यक्त गर्नुभयो।

'सौन्दर्य, कला र संस्कृति : सभ्यताको मूल आधार' भन्ने नाराका साथ आयोजना गरिएको महोत्सवको उद्घाटन समारोहमा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले राष्ट्रिय नाटक महोत्सव-२०७४ ले नेपाली नाटकको आजको अवस्था दर्शाउने छ, भन्नुभयो। उहाँले महोत्सवमा मञ्चन हुने नाटकले नेपाली नाटकको विकासक्रमको अवस्थाबारे प्रतिबिम्वित गर्ने बताउनुभयो।

राष्ट्रिय नाट्य महोत्सव २०७४ का संयोजन एवं प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा नाट्य विभाग प्रमुख रमेशरञ्जन झाले इलामवासीसमक्ष नाटक महोत्सवको प्रस्ताव लिएर आउँदा प्राप्त गरेको हार्दिकताको स्मरण गर्नुभयो। सोही सदासयताका कारण यो महोत्सव इलाममा आयोजना गरिएको प्रकाश पार्नुभयो। महोत्सव संयोजक झाले नाटक विधा एक सशक्त र मानव जीवनको प्राचीन विधा भएको बताउनुभयो।

'मानव विकासको कालखण्डमा भाषाको विकास नभएको समयमा अभिव्यक्तिको अर्को माध्यम नभएको समयमा, प्रयोग गरिने सांकेतिक अभिव्यक्ति पनि अभिनय नै थियो। नाटक महोत्सवले हाम्रो जीवनका विभिन्न घटनाक्रमसँग जोडिएका पात्र भेटिनेमा हामी विश्वस्त छौं,' झाले भन्नुभयो। उहाँले मानव जीवनका भोगाईका यथार्थहरूको प्रतिबिम्वन महोत्सवमा मञ्चन हुने नाटकबाट अनुभूत गर्न सकिने बताउनुभयो।

महोत्सवका सदस्य तथा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य खेम नेपालीले सबै काम राजधानीमा मात्र हुनुपर्छ भन्ने मान्यतालाई तोड्दै गत वर्षबाट प्रज्ञा प्रतिष्ठानले नाटक महोत्सव मोफसलमा स्थानान्तरण गरेर क्रान्ति गरेको छ, भन्नुभयो। उहाँले हरेक मान्छेको गन्तव्य सौन्दर्यमै केन्द्रित रहने र सौन्दर्यको खोजीमा यात्रारत रहने हुँदा सोही गन्तव्यको खोजीमा राष्ट्रिय नाटक महोत्सव पनि सुन्दर नगरी इलाममा आयोजना गरिएको बताउनुभयो।

इलाम नगरपालिका नवनिर्वाचित मेयर महेश बस्नेतले इलाममा राष्ट्रिय नाटक महोत्सव आयोजना गरिदिएर प्रतिष्ठानले इलामलाई गुण लगाएको भन्दै आभार व्यक्त गर्नुभयो। उहाँले साहित्य, सङ्गीत र कला समाजको सजीव चित्र उतार्ने माध्यम रहेको बताउनुभयो। यस प्रकारको नाट्य महोत्सवले समाज रूपान्तरणमा सशक्त भूमिका निर्वाह गर्ने धारणा राख्दै उहाँले महोत्सव सफलताको कामना गर्नुभयो।

जिल्ला प्रशासन कार्यालय इलामका सहायक प्रमुख जिल्ला अधिकारी सफल पोर्तेलले मानव जातिका हरेक क्रियाकलाप अभिनय रहेको विचार व्यक्त गर्नुभयो।



उहाँले अभिनयबाटै जीवनको सुरूवात हुने बताउनुभयो। राष्ट्रिय नाटक महोत्सव इलाममा आयोजना गरेर जिल्लालाई गौरवको स्थान बनाइदिएको भन्दै उहाँले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

उद्योग वाणिज्य संघ इलामका अध्यक्ष आनन्द कट्टेलले नाट्य महोत्सवमा सहभागी आयोजक तथा सम्पूर्ण नाट्यकर्मी, नाट्यप्रेमीलाई स्वागत गर्नुभयो। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित नाट्य महोत्सवलाई इलामवासीले आफ्नो कार्यक्रम ठानेको उहाँले बताउनुभयो ।

उद्घाटन समारोहका अतिथि एवं इलामका विद्वत व्यक्तित्व युद्धप्रसाद वैद्यले राष्ट्रिय नाटक महोत्सव इलाममा आयोजना गरेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले इलामलाई पवित्रताको अनुभूत गराएको धारणा व्यक्त गर्नुभयो। महोत्सवको उद्घाटन समारोहमा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य एवं महोत्सव आयोजक समिति सदस्य कोलम निरौला, राम धामीलगायत पूर्वी क्षेत्रका विभिन्न स्रष्टाहरू सहभागी हुनुहुन्थ्यो । महोत्सवमा इलाम नगरपालिका, जिल्ला समन्वय समिति इलाम, जिल्ला प्रशासन कार्यालय इलाम, इलाम उद्योग वाणिज्य संघ, मेची पहाडी पर्यटन विकास प्रवर्द्धन समिति इलाम, होटल एसोसिएसन इलाम, प्याब्सन इलाम र इलाम-मोरङ सम्पर्क मञ्च, विराटनगर, मोरङको सहकार्य रहेको थियो ।



# सूर्ती सेवनविरूद्ध एउटा यस्तो पार्टी



इलाम । राष्ट्रिय नाटक महोत्सवको उद्घाटनपछि २२ असारको दिउँसो २:३० बजेको पहिलो सोमा नाटक 'एउटा यस्तो पार्टी' को मञ्चन गरियो । यो नाटकलाई इलामको चेतना नाट्य समूहले मञ्चन गरेको थियो ।

मूलतः सूर्ती शून्यवाद भनिएको नाटकमा एउटा यस्तो पार्टीले सुर्तीजन्य पदार्थको सेवनमा रोक लगाएको कथा प्रस्तुत गरेको थियो । यो नाटकले राम्रो प्रतिक्रिया पायो। यो नाटक संसारबाट सुर्तीजन्य वस्तुको उन्मूलन गर्ने र मान्छेलाई स्वास्थ बनाउने सोचमा केन्द्रित थियो। नाटकको कथाअनुसार सुर्ती घाँस खाने पशुले खाँदैन, तर चेतनशील ठानिएको मान्छेले खान्छ। सुर्तीलाई मान्छेले खाएँ भन्ठान्छ, तर मान्छेलाई सुर्तीले पल प्रतिपल खाइरहेको हुन्छ। इतिहासमा देवताको नाममा मान्छेले सुर्ती खायो, पछि शासनसत्ता चलाउनेले जनतालाई खुवाए । बानी पर्दै गएपछि लतको रूपमा जनाले त खाए। आधुनिक जमानामा राज्यले राजस्व जम्मा गर्ने स्रोतको रूपमा सुर्ती खान्छ। खेती गराइन्छ। तर सुर्तीबाट प्राप्त राजस्वको लाखौं गुणा धेरै आर्थिक भार सुर्ती सेवनबाट मान्छेलाई लागेको रोगको निदानमा खर्च हुन्छ। सुर्ती कुनै पनि अर्थमा मान्छेको स्वास्थ्यका लागि लाभदायक छैन, सर्वाधिक खतरनाक छ, सुर्ती नै सबै रोगको बीउ हो भन्ने तथ्य सबैलाई थाहा भए पनि सूर्तीलाई राष्ट्रले संरक्षण गर्छ। अर्कोतिर राज्यले सुर्तीजन्य पदार्थ नखाऊ पनि भनी टोपल्छ। नाटकमा यस्तै कथा समेटिएको थियो।

डा. देवी दुलाल क्षत्रीले लेख्नुभएको यो नाटकलाई सार्थक पूर्वक निर्देशक सुरेश पोर्तेलले मञ्चन गर्नुभएको थियो । सामाजिक विकृति विसंगति हटाउँदै चेतना जगाउनु चेतना नाट्य समूहको उद्देश्य रहेको बताउँदै सोही उद्देश्यअनुरूप आफूहरूले नाटक एउटा यस्तो पार्टी मञ्चन गरेको निर्देशक सुरेश पोर्तेलले बताउनुभयो ।

यो नाटकमा नवीना लुइँटेल, सुवास लुइँटेल, मिलन खत्री, सृजना राई, अञ्जना लुइँटेल, सफलता राई, राम आचार्य, अन्वेश राई थुलुङ, कविता लुइँटेल, चन्द्रकला लुइँटेल, अनिशा खनालगायतको अभिनय थियो। मञ्चनपछि एउटा यस्तो पार्टीलाई दर्शकद्वारा प्रयोगवादी नाटकको रूपमा विश्लेषण गरिएको थियो ।



# मरिचेको चुप्पीले निम्त्याएको समस्या



इलाम । राष्ट्रिय नाटक महोत्सव-२०७४ को पहिलो दिन २२ असार २०७४ मा इलामको गौतमबुद्ध हलमा अपरान्ह ५ बजेको शोमा कदम थियटर दमक झापाद्वारा नाटक 'मरिचेको चुप्पी' मञ्चन गरिएको थियो । कथाकार उपेन्द्र सुब्बाको कथा मरिचेको चुप्पीलाई नाटक ' मरिचेको चुप्पी'को रूपमा सिजन दाहाल र नवीन प्राचीनद्वारा नाट्य रूपान्तरण गरी मञ्चन गरिएको थियो ।

यसमा पाँन्थर (अहिलेको पाँचथर) को बहुल समाज भएको आङसराङ गाउँको कथा प्रस्तुत गरिएको थियो । त्यहाँ सबैले सबै जाति संस्कार संस्कृतिलाई मान्दै आइरहेका हुन्छन् । यस्तै, लिम्बू समुदायमा कुनै गल्ती अथवा झैझगडा भएमा एक बोतल रक्सी राखेर माफी माग्ने र माफी दिने चलन पनि छ । यतिसम्म कि चार इन्च त ख्याल ख्याल हो भन्ने एउटा चर्चित उक्ति नै छ ।

कथाअनुसार बहुल जातिको बसोबास रहेको त्यहाँको गाउँमा मरिचे नामको एकजना लिम्बू छ । हरक्षण ऊसँग एउटा चुप्पी अनिवार्य हुने भएकाले उनीसँग गाउँका सबै डराउँछन् । खासमा मरिचे एक जमानाको नामी फौदारी थियो ।

एकदमै रिसाउने र कुरै नबुझ्ी चुप्पी झिक्ने बानीले ग्रस्त मरिचेले गाउँमा यसरी थुप्रैचोटि अरूहरूलाई चुप्पीले हानेर घाइते बनाएको छ । अनि एक बोतल रक्सी राखेर माफी मागेको र माफी पाएको पनि छ ।

एकचोटि छिमेकी गोतामेको छोरो रामेले चरालाई हानेको गुलेलीको मट्याङ्ग्राले मरिचेको छोरो बामेको आँखाभन्दा माथि लाग्छ । घरमा मरिचेलाई छोराले घटना बारे 'रामे' भन्न नपाउँदै कुरै नबुझ्ी मरिचेले गोतामेको छोरो रामेलाई कुट्न जान्छ । आफ्नो छोरोलाई पिटेको देखेर गोतामे रोक्न आउँदा दुईबीच झगडा पर्छ । त्यो झगडामा गोतामेले आफ्नो हात भाँचिदिएको र छोरोले कान नसुन्ने भएको आरोपमा अदालतमा नालिस हाल्छ । यो खबरपछि गाउँका भद्र भलादमीहरूले यो कुरालाई अदालतबाट फिर्ता गर्न गाउँकै चौतारामा भेला बस्छन् । भेलाबाट मरिचेले गोतामे र गोतामेको छोरोको उपचार खर्चबापत हर्जना तिर्नुपर्ने निर्णय हुन्छ । मरिचेले हर्जनाबापत आफ्नो सबै जग्गा नामसारी गरी दिनुपर्छ । यसरी मरिचेले कुरै नसुनी, नबुझ्ी रिसाएर चुप्पी झिक्ने बानीले आफ्नो जग्गासम्म गुमाएपछि नाटक सकिन्छ ।

यो नाटक सिजन दाहालको निर्देशन र परिकल्पनामा सो महोत्सवमा मञ्चन भएको थियो । नाटकमा मौसम राईको कोरियोग्राफी, बिरू स्वामीको मञ्च व्यवस्थापन, इँगिहोपो कोईँच सुनुवारको शुत्रधार तथा निर्देशन सहयोगमा प्रदर्शन गरिएको थियो । नाटकमा तिब्बत राई, पासाङ शेर्पा, सुवासचन्द्र पोखरेल, सन्दीप ढकाल, मौसम राई, सोहन लुइँटेल, देवीप्रसाद उप्रेती, नरेन्द्र लिम्बू, सुजन दाहाल, सुवास मुकारूङको अभिनय थियो ।



# मञ्चमा यमलोकको इजलासको फैसला

इलाम । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा इलाम बजारको गौतम बुद्ध हलमा २२ बाट २५ असारसम्म आयोजित 'राष्ट्रिय नाटक महोत्सव-२०७४' को दोस्रो दिन २३ असार १ बजे नाटक 'इजलासको फैसला' मञ्चन गरियो ।

२०७२ सालमा धनगढीको टीकापुरमा भएको साम्प्रदायिक दंगा घटनाको विषयवस्तुलाई कथामा बुनेर लेखक/निर्देशक माधव कल्पितले यो नाटक महोत्सवमा प्रस्तुत गर्नुभएको थियो ।

पाँचथरको फिदिममा स्थापना भई हाल झापास्थित विर्तामोडमा केन्द्रीय कार्यालय रहेको क्षितिज नाट्य समूहले यो नाटक मञ्चन गरेको हो । नाटक इजलासको फैसलामा कलाकारहरू मुना प्रसाई, शान्ता पौडेल, शिला ढुङ्गेल, सृजना खतिवडा, भिमा खतिवडा, गजेन्द्र पृथक, माधवप्रसाद सिटौला, बन्दना मिश्र, अभि बिष्ट, माया सिटौलासहितको अभिनय थियो ।

दीपक रायमाझी र निरज पोखरेलको सङ्गीत, सुजना खतिवडा र पुजा प्रसाईको भेषभुषा, दिनेशराज शर्माको सेट व्यवस्थापन र झोराहाट नाट्य समूहको प्रकाश परिचालनमा यो नाटक मञ्चन गरिएको थियो ।

नाटकको कथाअनुसार साम्प्रदायिक हिंसामा परेर ज्यान गुमाएका दुधेबालकदेखि हत्या भएकाहरू यमलोकमा न्याय माग्न जान्छन् । यमलोकमा धर्मराजले बुद्धको तपोभूमि, शान्तिभूमिमा कति कारणले न्याय पाएनौं र हामीसँग न्याय माग्न आयौं भनेर पालैपालो जिकिर पेस गर्न अवसर दिन्छन् ।

शान्ति र परिवर्तनको नाममा २००७ सालदेखि अहिलेसम्म नेपाली जनतासँगै आफूहरूले भोग्नु परेको पीर, व्यथा र छटपटीलाई पृथ्वीबाट गएका युवायुवतीले पालैपालो व्यक्त गर्छन् । त्यसपछि धर्मराजले राष्ट्रयताको एकता र भाइचाराको रूपमा नेपालको राष्ट्रिय राजनीतिमा आएको विसंगतिलाई परिवर्तन गर्न पवित्र कर्मयोगको मार्गदर्शन गीता र राष्ट्रिय झण्डा उपहार दिएर शान्तिदूतको रूपमा एक युवा र युवतीलाई पुनर्जन्म गराई नेपाल नै पठाउन फैसला त्यहाँको इजलासले गर्छ ।

नेपालको शान्तिका लागि मृत्युपछि पनि यमलोक पुगेर त्यहाँका धर्मराजासँग नेपालीहरूले न्यायको भिख माग्नुपरेको दृश्यमार्फत यो नाटकद्वारा अहिलेको राजनीतिक विकृति, विसंगतिमाथि व्यंग्य गरिएको थियो ।

नाटकको कथामा न्यायका लागि यमलोक पुगेकामध्ये श्रीमान्ले विवाहको नाटक गरी बेश्यवृत्तिका लागि कोठीमा बेचिएकी र यातनापूर्वक कोठीमै हत्या भएकी युवती छिन् । यस्तै, दुधेबालक र श्रीमती घरमा छाडेर नागरिकको सुरक्षामा निक्लिएको प्रहरी बाटोमा आन्दोलनकारीबाट मारिएपछि उसले यमलोकमा न्यायको गुहार गरेको यो नाटकको दृश्य पनि मार्मिक र समय सान्दर्भिक थियो ।



# पारिवारिक समस्यामा रुमलिएको खाल्डो





इलाम। राष्ट्रिय नाटक महोत्सव-२०७४ को तेस्रो दिन २४ असार दिउँसो १ बजे नाटक खाल्डो मञ्चन गरियो। चेतन डर 'आङथुपो' ले लेख्नुभएको यो नाटकलाई केशर भुजेलको निर्देशनमा चुलाचुली रङ्गमञ्च इलामले महोत्सवमा मञ्चन गरेको थियो।

नाटकको मञ्चनका क्रममा कथा अघि बढ्दा समाजमा देखिए पनि सामान्य लाग्ने परिस्थितिले अकल्पनीय घटना निम्त्याएको दृश्य आउँछ। सो घटनाका कारण अशिक्षा, आर्थिक विपन्नता पनि थियो। सामान्य लाग्ने परिवारभित्र घटेको एउटा घटनाले आफ्नो छोराछोरीमा जुन प्रकारको समस्या आइपर्छ, त्यो स्थिति बाबुआमाले देख्दैन, तिनै निर्दयी बाबुआमाले घर छाडेपछि छोराछोरीले बाल्यकाल अवस्थामा अभिभावकको जिम्मेवारी सम्हाल्नुपर्छ। अभिभावकबिना बालबालिकाका जीवनमा आइपर्ने दर्दनाक पीडा र विविध घटनाको शृंखला नाटक खाल्डोमा कथानक रूपमा प्रस्तुत भएका थिए।

आदिवासी समुदायको अभिभावकमा देखिएको अशिक्षा र गरिबीले संकुचित बनाएको चेतनाले सामाजीकरण बन्न नसकेको एक सामान्य परिवारमा बाँचिरहेका बालापनको इच्छा, सपना र आशासँग हुर्किरहेको बालबालिकाले जीवनयापन गरिरहेको यथार्थ बालमनोविज्ञानको फरक परिवेशको कथा यसमा थियो। एउटै परिवारको सम्बन्ध, सपना, इच्छा र आशाको अपुरो चित्त दुखाइ नै नाटक खाल्डोको सशक्त पक्ष थियो।

यो नाटकले एउटा परिवार सुखी हुन सो परिवारमा अभिभावकको भूमिका महत्वबारे दर्शाएको थियो। घरमा बुबाआमा राम्रा भए भने छोराछोरी पनि राम्रा हुन्छन्, बुबाआमाका कारण छोराछोरी त्यत्तिकै दुःखी हुन्छन् भन्ने नाटकले प्रस्ट्याएको थियो।

नाटकका निर्देशक केशर भुजेलले नाटक खाल्डो स्थानीय अर्थात् ग्रामीण समाजको मौलिक कथा भएको बताउनुभयो। नाटकमा रमिता राईको भेषभुषा, सञ्जय लाम्गादेको ध्वनि र सङ्गीत परिचालन थियो। नाटक खाल्डोमा जेम्स लिम्बू, केशर भुजेल, दीपिका घतानी, मनिष मगर, सन्तोष गिरी, शेखर लाम्गादे, अभिषेक केरूङ, विवेक खतिवडा, रञ्जित शंकर, प्रर्मिला राईको अभिनय रहेको थियो।



# मञ्चमा उज्यालो पाइला

इलाम। राष्ट्रिय नाटक महोत्सव-२०७४ को तेस्रो दिन २४ असार अपरान्ह २ बजे दोस्रो शोको रूपमा नाटक 'उज्यालो पाइला' मञ्चन गरियो। यो नाटकलाई प्रेम ओझाले आफ्नो लेखन निर्देशनमा महोत्सवमा प्रस्तुत गर्नुभएको थियो।

नाटक हेरेपछि दर्शकलाई नेपालमा एक दशकसम्म चलेको जनयुद्धको स्मरण भएको थियो। नाटक पनि त्यतिबेलाको घटना, परिस्थिति, कालखण्डसँग केन्द्रित थियो। माओवादीसँग सम्बद्ध भएको शंकामा त्यतिबेला राज्यपक्षबाट आमनागरिकको धरपक्कड, अपहरण, थुना र हत्यासम्म हुन्थ्यो। यस्तै घटनायुक्त कथा यो नाटकमा समेटिएको थियो।

नाटकको दृश्यमा प्रस्तुत गरिएको कथाअनुसार प्रकाश एक विद्यालयमा अध्ययनरत जेहेन्दार विद्यार्थी हुन्छ। सशस्त्र द्वन्द्वको समयमा उसहित केही साथी सशस्त्र द्वन्द्वमा सहभागी हुन्छन्। शैक्षिक सुधारका एजेन्डा राखेर बैठक गरिरहेका बेला प्रकाशलाई प्रहरीले गिरफ्तार गर्छ र हत्यासमेत गर्छ। दिदीको संरक्षकत्वमा पढिरहेको प्रकाशको हत्या भएपछि दिदीले मानसिक सन्तुलन गुमाउँछिन्। तथापि प्रकाशका साथीहरू विशाल र जलजलालगायतले शैक्षिक सुधार अभियान जारी राख्छन्। शिक्षाको उज्यालो फैलाउने नायकको रूपमा हरेक वर्ष स्मरण गर्दै नाटकको अन्त्य हुन्छ। यो नाटकमा प्रस्तुत दिदी र भाइबीचको भावनात्मक माया र नाताको प्रगाढ सम्बन्धमा निम्तिएको बियोगपछि दिदीको अवस्थाले दर्शकलाई स्तब्ध तुल्याउँछ।

नेपालमा सशस्त्र द्वन्द्व अन्त्य भएको एक दशक नाघिसके पनि त्यसको प्रभाव मुलुकमा अझै जारी छ। त्यसैको प्रभावस्वरूप नाटक उज्यालोको खोजी लेखन तथा मञ्चनपछि दर्शकमाझ आएको हो। नाटकको सन्देश प्रभावशाली थियो। नाटकले परिवर्तनको सन्देश बोकेको थियो।

पाँचथरको नौलो बिहानी साहित्य प्रतिष्ठानले यो नाटक मञ्चन गरेको थियो। नाटक सरल र सशक्त थियो। जसमा राज दिलाञ्जलीको प्रकाश संयोजन, हाम्रो थियटर नेपालको व्यवस्थापन, प्रेम नेपालको सहनिर्देशन थियो। उज्यालो पाइलामा शान्ति योङहाङ, मधुराज केरुङ, कुमार ढकाल, सुनिता जगेबु, कमल घिमिरे, चेतन घिमिरे, डिआर हाङसरुम्बा, संघर्ष खतिवडा, विवश माङमु, एनबी अञ्जानलगायतका कलाकारको अभिनय रहेको थियो।





# देखाइयो सुकुम्बासी राजाको कथा



इलाम । राष्ट्रिय नाटक महोत्सव–२०७४ को तेस्रो दिन २४ असार अपराह्न ४:३० बजे अन्तिम शोको रूपमा नाटक 'सुकुम्बासी राजा' मञ्चन गरियो । मेचीनगर ६ काँकडभिट्टा, झापाको परिवर्तन थियटरका तर्फबाट यसपटकको नाटक महोत्सवमा यो नाटक प्रस्तुत गरिएको थियो ।

नाटकको कथाअनुसार एउटा किसान जातिको समाज त्यो समाजमा राजा छान्ने प्रचलन छ । यदि त्यो राजाको मृत्यु भइहालेमा त्यही पुराना राजाको जेठा छोरालाई नयाँ राजा र समाजका अन्य व्यक्तिलाई मन्त्री, वकिल नियुक्ति गर्ने प्रचलन छ । राजा नियुक्तिका दिन समाजको निर्णयअनुसार विदेशबाट विशेष अतिथिस्वरूप उताका राजालाई बोलाउने र नाचगान गर्ने गरिन्छ ।

यदि किसान जातिको छोरी अरू जातसँग विवाह गरेमा उनीहरूकै नीति नियमअनुसार दण्ड जरिवाना तिर्नुपर्ने हुन्छ, नतिरेमा त्यो परिवारमा मर्दापर्दा समाजका कोही पनि व्यक्ति उक्त घरमा प्रवेश गर्दैन । सुरूका दिनहरूमा खेतीकिसान, पशुपालन र माछा मारेर जीविका चलाउँदै आएको यो जाति विस्तारै धनी हुँदै जान्छन् र उनीहरूले काम गर्न आफूभन्दा ठूला जात बाहुन, क्षेत्रीलाई हली, गोठाला, बनाएर बसेका हुन्छन् । पछि त्यही बाहुन क्षेत्रीले जाँडरक्सीको लोभ देखाएर धम्की दिएपछि सबै जमिन हडप्छन् र अन्त्यमा पहिलेका किसाने राजा सुकुम्बासी बन्न पुग्छन् ।

यो नाटकको लेखक/निर्देशक कविता नेपाल हुनुहुन्थ्यो । विमला चिमोरियाले सूत्राधारको रूपमा काम गर्नुभएको यो नाटकलाई कहरू किसानले भाषा रूपान्तरण गर्नुभएको थियो ।

यो नाटकमा केन्द्रप्रसाद भट्टराई, गणेश बस्नेत, लीला विष्ट, सविता पौडेल, विशाल कँडेल, सम्झना सुब्बा, सुष्मा पोखेल, एञ्जल खड्का, अनिश बस्नेत, विनोद राजवंशी, लोमश पौडेल, अभिषेक गड्तौलाले सशक्त अभिनय गर्नुभएको थियो ।

सो महोत्सवमा प्रस्तुत भएका नाटकहरूमध्ये एउटा अल्पसंख्यक जातिको परम्परामा केन्द्रित भए पनि यथार्थसँग नजिक यो नाटकले दर्शकको मन जितेको थियो । उच्च भनिएका टाठाबाठा जातजातिबाट सोझा अल्पसंख्यक जातिहरू कसरी शोषित, पीडित भएका छन् भन्ने सन्देश यो नाटकले दिएको थियो ।



# पर्खालले रोक्न नसकेको सम्बन्ध मञ्चन

इलाम । 'राष्ट्रिय नाटक महोत्सव-२०७४' को अन्तिम दिन २५ असार बिहान ११:३० बजे सो दिनको पहिलो शोको रूपमा नाटक 'पर्खाल' मञ्चन गरिएको थियो । भरत गुरागाईंको लेखनमा तयार भएको यो नाटकलाई प्रयाग न्यौपानेले निर्देशन गर्नुभएको थियो । यो कथाले आम जनजीवनलाई समेट्ने प्रयास गरेको थियो ।



नाटकको कथा सुरू हुने क्रममा दुई दाजुभाइ आ-आफ्नो काम गरेर बसेका हुन्छन् । कथा अघि बढ्ने क्रममा आमा कान्छा छोरासित बसेको दृश्य देखिन्छ । दाजु जँड्या स्वभावको हुन्छ । ऊ आमा र बाबुले सम्पत्तिको धेरै हिस्सा कान्छा छोरालाई दिएको भन्दै भाइसँग कुनै पनि सम्बन्ध राख्न चाहँदैन । तर दाजुका छोराछोरीलाई काकाकाकीले असाध्यै माया गरेका हुन्छन् ।

नाटकको कथाअनुसार एकदिन दाजुका छोरालाई हत्याको अभियोगमा प्रहरीले गिरफ्तार गर्छन् । काकाकाकीले सक्दो बचाउने प्रयास गर्छन्, तर असफल हुन्छन् । आफ्नो पारिवारिक समस्यामा भाइले सहयोग गर्न खोजेको दाजुलाई मन पर्दैन । दुई दाजुभाइको घरसँगै भएकाले दाजुले घरको बीचमा पर्खाल बनाइदिन्छन् ।

किनकि उसलाई भाइको परिवारका सदस्यका अनुहार हेर्नु थिएन । घरको बीचमा पर्खाल भए पनि दाजुका छोराछोरी र भाइका छोराछोरीबीचको सम्बन्ध अझै प्रगाढ हुँदै गएको हुन्छ । मायामा कुनै कमी हुँदैन । सौतेनी आमाले छोरीलाई खान नदिएकाले काकाकी छोरी बहिनीले कसोकसो खाना पर्खालको प्वालबाट खुवाउँदै हुन्छे । गिरफ्तार भएको छोरो घर आइपुग्छ र आफ्ना बहिनीहरूको माया देखेर उसले पर्खाल तोड्ने प्रयास गर्छ । त्यत्तिकैमा जँड्या दाजु आइपुग्छन् । छोरालाई रोक्न खोज्छन् । केहीबेरको घम्साघम्सीपछि त्यो अहंकारको पर्खाल तोडिन्छ । नाटकको अन्त हुन्छ ।

यो नाटकले परिवारको एकतालाई कुनै पर्खालले रोक्न सक्दैन भन्ने सन्देश दिएको थियो । नाटकलाई दर्शकले मन पराएका थिए ।

यो नाटकमा प्रज्वल काफ्ले, खुसी शर्मा, कविता पौडेल, रामप्रसाद न्यौपाने, ओमप्रकाश निरौला, सञ्जु पराजुली, मनिषा बराल, भरत गुरागाई, निराशा ढुंगेल, अनु श्रेष्ठ, सुरेश कार्की, प्रदिप सरदार, सुदिप कार्की, प्रयाग न्यौपाने, सविन कोइराला, पशुपति लुइँटेल, अनिल सरदारको अभिनय रहेको थियो । यस्तै, नाटकको प्रकाश परिचालनमा सुरजकुमार माझी, ध्वनि संयोजनमा मिलन नेपाली, गीतमा भरत गुरागाई, मञ्च निर्माणमा प्रदिप सरदार र भेषभुषामा सञ्जु पराजुली हुनुहुन्थ्यो ।



# यमलोकमा **लखन पटवारी**को रमाइलो यात्रा

इलाम । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय नाटक महोत्सव-२०७४ को चौथा दिन २५ असार दिउँसो दोस्रो सोको रूपमा २ बजे नाटक 'लखन पटवारी' मञ्चन गरियो । साहित्यकार विजय सुब्बाले लेख्नुभएको नाटक 'लखन पटवारी'लाई प्रवीण खतिवडाले निर्देशन गर्नुभएको थियो ।

आरोहण गुरूकुल विराटनगरद्वारा प्रस्तुत नाटक लखन पटवारीमा भैरव क्षत्री, प्रवीण खतिवडा, दिपेश भण्डारी, रामभजन कामत, विकास पराजुली, भरत कार्की, राजेश ठाकुर, अशोक गौतम, रविन चिमोरिया, मिलन नेपाली, सागर विश्वासको अभिनय थियो ।

नाटकमा लोककथा, परिकथा या दन्त्य कथा जे भने पनि हुने पूर्वतिरकै लोककथा प्रस्तुत गरिएको थियो । जसअनुसार हरेक जीवित प्राणीले बाँच्न संघर्ष गरिरहेका हुन्छन् । वैज्ञानिक तथा धार्मिकशास्त्रका आधार यो नाटकले खोज्ने कोसिस गरेको थियो । हाम्रो धार्मिक ग्रन्थहरूका अनुसार मरेपछि यमलोक हुँदै स्वर्ग वा नर्कको बाटो लिन्छन् भन्ने मान्यता छ ।

यमलोक यमराज अर्थात् मृत्युका देवताका लोक । एकपटक यमराजलाई मरेका मान्छेहरूको संगत गर्दा गर्दा दिक्क लागेछ । उनी र उनका सहायकहरूको सल्लाहपछि पृथ्वीलोकबाट एउटा मान्छेलाई जीवित नै यमलोक पुऱ्याएछन् ! तर जिउँदो मान्छे कस्तो हुन्छ भनेर हेर्न यमलोक पुऱ्याइएपछि त्यो जिउँदो मान्छेले आफू बाँच्न र पृथ्वीलोकमै फर्कनलाई गरेको संघर्ष र चलाखीको कथा यो नाटकमा प्रस्तुत गरिएको थियो । लखन पटवारी नाम गरेको त्यो मान्छेले देवताहरूलाई समेत काबुमा राखेर यमलोक फर्कन सफल भएको रोचक कथा यो नाटकमा समेटिएको थियो ।

यसरी झट्ट हेर्दा दन्त्य कथा नै लाग्ने भए पनि यो नाटकले अहिलेको समाजलाई व्यंग्य गरेको थियो । नाटकले सुरूदेखि अन्त्यसम्म दर्शकलाई निरन्तर मनोरञ्जन दिएको थियो । अघिल्लो पटक 'हरहर महादेव पानी देउदेउ' नाटकबाट दर्शकको मन जित्न सफल निर्देशक प्रवीण खतिवडा यसपटक नाटक लखन पटवारीबाट पनि दर्शकको मन जित्न सफल हुनुभयो ।

आफूलाई बाजेले सुनाउनुभएको दन्त्य कथा लखन पटवारीलाई फेरि दर्शकलाई रोचक लाग्न सक्ने भन्दै आफूले यसलाई मञ्चन गरेको निर्देशक प्रवीण खतिवडाले बताउनुभयो ।



# अन्धविश्वासविरूद्धको नाटक फू...फू...फू...



इलाम । 'राष्ट्रिय नाटक महोत्सव-२०७४' को अन्तिम दिन २५ असार दिउँसो साढे ४ बजे अन्तिम शोको रूपमा नाटक फू..फू..फू.. मञ्चन गरियो । २०५१ सालदेखि सांस्कृतिक क्षेत्रमा सक्रिय तरङ्ग सांस्कृतिक परिषद् हेटौंडाद्वारा यो नाटक मञ्चन गरिएको थियो । बहुभाषिक नाटक महोत्सव, राष्ट्रिय नाटक महोत्सव, अन्तर्राष्ट्रिय नाटक महोत्सवमा समेत आफ्नो प्रस्तुति जनाइसकेको यस संस्थाले यसपटक पनि आफ्नो नाटकबाट दर्शकको मन जित्यो ।

आरसी रिजालद्वारा लिखित तथा उज्ज्वल शर्मा भण्डारीद्वारा निर्देशित यो नाटकमा ग्रामीण समुदायमा हुने अन्धविश्वासमा आधारित क्रियाकलापलाई नाटकीय स्वरूप दिइएको थियो । अहिलेको आधुनिक युगमा परिवर्तित धामीझाँक्रीको चलाखीपूर्ण गतिविधि नाटकमा प्रस्तुत गरिएको थियो । नाटकको माध्यमबाट केही सन्देश दिन खोजिएको यो नाटक दर्शकलाई हँसाउन पनि सफल भयो । नाटकमा केही व्यंग्य पनि थियो । केही हल्का शब्दसमेत प्रयोग गरिएको नाटक आफैंमा रमाइलो थियो । ग्रामीण क्षेत्रका गतिविधि र उनीहरूका भोगाई, नियत, बाध्यता जस्ता विषयलाई देखाइएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठसहित यो नाटकमा कुमार शाह, प्रलय चौलागाई, राजकुमार रिसाल, पुष्कर लामा, भेष खड्गी, प्रमोद भट्टराई, जनक लम्सालले अभिनय गर्नुभएको थियो ।

गाउँघरमा कोही विरामी हुँदा उपचारका आडमा धामीझाँक्रीमार्फत झारफुक गरिने अन्धविश्वासमाथि यो नाटकले सशक्त व्यंग्य गरेको थियो । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाटक महोत्सवमा आफ्नो निर्देशनमा थुप्रै नाटक मञ्चन गरिसक्नुभएका उज्ज्वल शर्मा भण्डारीले नाटक फू..फू..फू..बाट दर्शकलाई भरपूर मनोरञ्जनसँगै सशक्त सन्देश पस्कनु भएको थियो ।

# नाटक महोत्सव सम्पन्न

इलाम । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित २२ असार २०७४ बाट चार दिनसम्म आयोजित राष्ट्रिय नाटक महोत्सव २०७४ को २५ असारमा समापन भयो । समापन समारोहलाई सम्बोधन गर्दै यस प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले महोत्सव निकै राम्रोसँग सम्पन्न भएको बताउनुभयो । उहाँले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सोचलाई यथार्थमा बदल्न नाटक महोत्सवको लागि इलामवासीले गर्नुभएको निष्ठापूर्ण सहयोग र साथका लागी हार्दिक आभार व्यक्त गर्नुभयो ।

समापन समारोहमा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य रमेशरञ्जन झाले भन्नुभयो, 'राष्ट्रिय नाटक महोत्सवमा मञ्चन भएका देशका विभिन्न स्थानबाट आएका नाटकहरू समाजका जीवन्त घटना अनि कथा देख्न पाइयो ।' कलाकारहरूले नाटकमार्फत नेपाली समाजको यथार्थ चित्रण गरेको उहाँले प्रकाश पार्नुभयो । साथै ,नाटकको कहिल्यै समापन हुन नहुने बताउँदै यसको अन्त्य अत्यन्त पीडादायी हुने भएकाले यो अनवरत चलिरहनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उद्योग वाणिज्य संघ इलामका अध्यक्ष तथा राष्ट्रिय नाटक महोत्सव २०७४ संयोजन समितिका अध्यक्ष आनन्द कट्टेलले राष्ट्रियस्तरको नाटक महोत्सवका लागि इलामलाई छनोट गरेकोप्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत यसप्रकारका महोत्सव इलाममा गर्न प्रस्ताव राख्नुभयो ।

यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य कोमल निरौलाले नाट्यप्रेमी दर्शकहरू तथा सम्पूर्ण इलामवासीको सहयोगले महोत्सवलाई भव्य रूपले सम्पन्न भएको बताउनुभयो । उहाँले पनि सम्पूर्ण सहयोगी संघसंस्थाहरू, विद्यार्थी वर्ग तथा समस्त इलामवासीप्रति आभार व्यक्त गर्नुभयो ।

समापन समारोहमा यस प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले जिल्ला प्रशासन कार्यालय, इलामका प्रमुख जिल्ला अधिकारीलाई मायाको चिनो प्रदान गर्नुभयो । यस्तै प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा नाटक मोहत्सवका संयोजक रमेशरञ्जन झाले पनि जिल्ला समन्वय समिति, इलामका स्थानीय विकास अधिकारीलाई मायाको चिनो प्रदान गर्नुभयो ।

प्रतिष्ठानका प्राज्ञ सभा सदस्य कोमल निरौलाले इलामका उद्योग वाणिज्य संघका अध्यक्ष आनन्द कट्टेललाई मायाको चिनो प्रदान गर्नु .भयो । प्रतिष्ठानका प्राज्ञ सभा सदस्य खेम नेपालीले मेची पहाडी पर्यटन विकास प्रवर्द्धन समिति, इलामका उपाध्यक्ष केशव धौरालीलाई मायाको चिनो प्रदान गर्नुभयो । यस्तै, इलामका प्रमुख जिल्ला अधिकारीबाट होटल एसोसिएसन, इलामकका अध्यक्ष देवीलाई र इलामका स्थानीय विकास अधिकारीले प्याब्सन इलामका अध्यक्षलाई मायाको चिनो हस्तान्तरण गर्नुभयो ।




# धिमे बाजा प्रशिक्षण सम्पन्न

काठमाडौं। नेवार समुदायको परम्परागत बाद्य सामग्री धिमे बाजाको संरक्षण र यसप्रति अहिलेका पुस्ताको आकर्षण जगाउन धिमे बाजा प्रशिक्षण सम्पन्न गरिएको छ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परम्परागत सङ्गीत विभागद्वारा गत ८ बैशाखदेखि ३० वैशाख २०७४ सम्म २३ दिन काठमाडौंको कीर्तिपुरमा धिमे बाजा प्रशिक्षण कार्यक्रम गरिएको हो ।

प्रतिष्ठानका परम्परागत सङ्गीत विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा प्रशिक्षण कार्यक्रम गरिएको थियो ।

धिमे बाजाका गुरूहरू न्हुच्छेबहादुर महर्जन, बुद्धिराज महर्जन, धर्म महर्जन, तेजबहादुर महर्जन, ज्ञानेश्वर महर्जन, बुद्ध महर्जन र उज्ज्वल महर्जनले २३ दिनमा ४० जना प्रशिक्षार्थीलाई धिमे बाजा बजाउन प्रशिक्षण दिनुभयो ।

प्रशिक्षणको समापन समारोह गत ३० वैशाखमा आयोजना गरिएको थियो । कीर्तिपुरका समाजसेवी सुरेन्द्र मानन्धरको प्रमुख आतिथ्यमा सम्पन्न समापन समारोहमा समाजसेवी मानन्धर र कार्यक्रम संयोजक एवं प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो ।

हाम्रा परम्परागत बाजाका आफ्नै महत्व भएकाले यसलाई जोगाउन कीर्तिपुरमा धिमे बाजा प्रशिक्षण कार्यक्रम राखिएको प्राज्ञ परिषद सदस्य श्रेष्ठले प्रस्ट पार्नुभयो ।

# टोखामा परम्परागत सङ्गीत प्रस्तुत

काठमाडौं। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, परम्परागत सङ्गीत विभागद्वारा काठमाडौंको टोखा नगरपालिका गत १७ जेठ २०७४ मा परम्परागत सङ्गीत कार्यक्रम आयोजना गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न ११ ओटा समूहले टोखाका मौलिक गीत सङ्गीत प्रस्तुत गरेका थिए ।

उपकुलपति शम्भुजीतले कार्यक्रमलाई सम्बोधन गर्दै मौलिक नेपाली लोकसङ्गीत र वाद्यसामग्रीमा हामी धनी छौं, भन्नुभयो । यस्ता बाजा तथा लोकसङ्गीतको संरक्षण गर्नु प्रतिष्ठानको उद्देश्य भएकाले यस्ता विभिन्न कार्यक्रम आयोजना गरिएको उहाँले प्रकाश पार्नुभयो ।

कार्यक्रमका संयोजक एवं प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले परम्परागत वाद्यवादन एवं सङ्गीतको संरक्षण, प्रवर्द्धन एवं यस्ता सङ्गीतप्रति स्रोतालाई आकर्षित तुल्याउन कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारीले लोकसङ्गीत तथा वाद्यवादनको संरक्षणमा टोखा नगरपालिकाले पनि सहयोग गर्ने बताउनुभयो। कार्यक्रमका लागि टोखालाई रोजिएकोमा उहाँले प्रतिष्ठानप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।



कार्यक्रममा सपन तिर्थ धिमे खल, नेवा गुथी र सरस्वती धिमे खलले धिमे बाजामा विभिन्न धुन प्रस्तुत गरेका थिए। गायक रमेश श्रेष्ठले राष्ट्रभावका गीत जहाँ छन् बुद्धका आँखा..प्रस्तुत गर्नुभएको थियो ।

यस्तै, इन्द्रायणी दफा खल, पिंग धो सहलुबी दफा खल, चण्डेश्वरी दफा खल, जोरगणेश दफा खल र सपन तिर्थ दफा खलले कार्यक्रममा दाफा भजन प्रस्तुत गरेका थिए । प्वँ खलबाट प्वँ बाजा र न्यु क्रियसन टोखाबाट विभिन्न लोकबाजा संयुक्त रूपमा कार्यक्रममा प्रस्तुत गरिएको थियो । कार्यक्रममा स्थानीय समुदायको उल्लेख्य उपस्थिति थियो ।



# लोकगीत सम्मेलनमा सात प्रदेशकै लोकभाका



काठमाडौं । नेपाल सङ्गीत तथा प्रज्ञा प्रतिष्ठानको लोकसङ्गीत विभागद्वारा १९ जेठ २०७४ मा काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित 'परम्परागत लोकगीत सम्मेलन-२०७४' मा सातओटै प्रदेशको लोकसङ्गीत प्रस्तुत गरियो ।

पूर्वप्रधानमन्त्री एवं एमालेका नेता झलनाथ खनाल र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले मादल बजाएर 'परम्परागत लोकगीत सम्मेलन-२०७४' को उद्घाटन गर्नुभएको थियो ।

पूर्वप्रधानमन्त्री खनालले हाम्रो मुलुकमा हरेक क्षेत्रमा परम्परागत एवं मौलिक लोकभाका भएको बताउनुभयो । उहाँले मुलुकको पहिचान जोगाउँदै अझ समृद्ध बनाउन यस्ता लोकभाका तथा संस्कृति जगेर्ना गर्नु आवश्यक भएको औंल्याउनुभयो । पूर्वप्रधानमन्त्री खनालले यस्ता लोकसङ्गीत सम्मेलनले लोकभाकाको संरक्षणसँगै संस्थागत विकासमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले हाम्रा लोकसङ्गीतको आफ्नो किसिमको महत्व भएको बताउनुभयो । उहाँले यस्ता मौलिक गीतको संरक्षणका लागि सम्मेलन आयोजना गरिएको जानकारी गराउनुभयो ।

कार्यक्रमकी संयोजक एवं प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले प्रतिष्ठानले लोकगीत सङ्गीतबारे मुलुकका विभिन्न स्थानमा कार्यक्रम गर्दै आएको छ, भन्नुभयो ।

मुलुकका विभिन्न स्थानका लोकसङ्गीतकर्मी एकै थलोमा भेला गराई लोकसङ्गीत आदान प्रदानका लागि सम्मेलन



आयोजना गरिएको उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रदेश-१ बाट अरूण उपत्यका सांस्कृतिक अनुसन्धान केन्द्रका कमल खत्रीले लिम्बू समुदायको पालम गीत प्रस्तुत गर्नुभयो । उहाँले सो गीतबारे जानकारी गराउनु भएको थियो । यस्तै, प्रदेश-१ बाटै दीपेन्द्र सिटौलाले पूर्वेली मारूनी भाका गाएर दर्शकलाई नचाउनुभयो ।

प्रदेश-२ बाट बन्दना मैनालीले मैथिली भाषाको गीत ए थिम बलमजी...सुनाउँदा उहाँलाई दर्शकले तालीले साथ दिएका थिए । प्रदेश-४ बाट कलाकारहरू कृष्ण गुरूङ, भीमकला गुरूङ र टीका गुरूङले सालैजो भाकामा सबै डाँडाभन्दा धौलागिरी... बोलको गीत गाउनुभयो । उहाँहरूले कौरा भाकामा पनि गीत प्रस्तुत गर्नुभएको थियो । प्रदेश-४ बाटै लोकगायक खड्ग गर्बुजाले पनि सालैजो भाका प्रस्तुत गर्दै कार्यक्रमलाई लोकभाकामय तुल्याउनु भएको थियो ।

सम्मेलनमा प्रदेश-५ बाट चन्द्र चलाउनेले ठाडी भाका गाएर कार्यक्रमको रौनकता बढाउनुभयो । सो प्रदेशबाटै गायक बिपिन घिमिरेले टप्पा भाकामा गीत कोदी काम्दा...प्रस्तुत गर्नुभएको थियो ।

यस्तै प्रदेश-६ बाट रीता बुढाथोकीले प्रस्तुत गर्नुभएको थारू भाषाको गीत पनि सम्मलेनको आकर्षण बनेको थियो । सोही क्रममा प्रदेश-७ बाट गायिका चाँदनी मल्लले देउडा भाका सुदूरपश्चिम स्वर्गसरी...गीत गाएर दर्शकलाई देउडाको स्वाद चखाउनुभयो ।

'परम्परागत लोकगीत सम्मेलन-२०७४' को प्रत्यक्ष गायन प्रस्तुतिमा वाद्यवादनतर्फ



दीपेन्द्र सिटौलाले हार्मोनियममा, प्रकाश पुनले मादलमा, भगिरथ सुसलिङले तवलामा, गुरूप्रसाद घर्तीमगरले सारङ्गीमा, मदन जर्घामगरले बाँसुरीमा र पोषण घर्तीमगरले मादलमा साथ दिनुभएको थियो ।

कार्यक्रमको विशेष आतिथ्यमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा, प्राज्ञ परिषद् सदस्यहरू रमेशरञ्जन झा, उदय श्रेष्ठ, उन्नती बोहरा 'शीला' हुनुहुन्थ्यो ।

# अमर स्रष्टा अम्बरको सम्झना

*नौलाख तारा उदाए धर्तीको आकाश हाँसेछ*
*शरद लाग्यो वनमा फूलले प्रीति गाँसेछ*
'

यो कालजयी गीतका स्रष्टा अम्बर गुरुङ भौतिक रूपमा हामीमाझ हुनुहुन्न । तर पनि उहाँको सृजना हामीमाझ बजिरहेका छन् । उहाँले भौतिक रूपमा यो धर्ती छाडेको एक वर्ष भयो । २५ जेठ २०७३ मा उहाँको निधन भएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति एवं राष्ट्रगानका सङ्गीतकारसमेत रहनुभएका अम्बर गुरुङको प्रथम वार्षिक पुण्यतिथिमा उहाँको योगदानको स्मरण गरिएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राङ्गणमा २५ जेठ २०७४ मा आयोजित प्रथम वार्षिक पुण्यतिथि कार्यक्रममा अमर स्रष्टा गुरुङको तस्बिरमा माल्यार्पण र पुष्पगुच्छा अर्पण गर्दै उहाँप्रति श्रद्धासुमन प्रकट गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले अम्बर गुरुङको योगदानलाई जीवित राख्न आफूहरूले उहाँको हुलाक टिकट प्रकाशनको प्रक्रिया अघि बढाइसकेको जानकारी गराउनुभयो । यस्तै, गुरुङलाई अझ चर्चित तुल्याउन यस प्रतिष्ठानले 'अम्बर गुरुङ स्मृति ग्रन्थ' प्रकाशन गर्ने पनि कुलपति सरूभक्तले बताउनुभयो । अर्को वर्षबाट अम्बर गुरुङको स्मृति सभा अझ बृहत् रूपमा आयोजना गर्ने योजना पनि उहाँले सुनाउनुभयो ।

आफ्ना संस्थापक कुलपति अम्बर गुरुङलाई 'स्वर्गीय' रूपमा सम्बोधन गर्न उचित नहुने विचार राख्दै कुलपति सरूभक्तले भन्नुभयो, 'अम्बर गुरुङ आफ्ना अमर सङ्गीत सिर्जनाबाट हामीमाझ अमर हुनुहुन्छ । त्यसैले, उहाँलाई स्वर्गीय भनेर सम्बोधन गर्नु उचित होइन ।' स्वर्गीय भानुभक्त नभनेर आदिकवि भानुभक्त भनिएझैं अम्बर गुरुङलाई पनि आउँदा दिनमा राष्ट्रगानका सङ्गीतकार अम्बर गुरुङका रूपमा सम्बोधन गरिने विश्वास कुलपति सरूभक्तको सो क्रममा व्यक्त गर्नुभयो । गुरुङको कार्यकालमा उपकुलपति रहनुभएका अग्रज नाट्यकर्मी प्रचण्ड मल्लले उहाँलाई ऊर्जावान स्रष्टाका रूपमा स्मरण गर्दै भन्नुभयो, 'उहाँ अत्यन्त मिलनसार र सहयोगी कुलपति हुनुहुन्थ्यो । उहाँसँग काम गर्दा मैले धेरै कुरा जान्ने अवसर पनि पाएँ ।' स्वास्थ्यका हिसाबले निकै कमजोर हुँदा पनि अम्बर गुरुङले प्रतिष्ठानमा गरेका कामले आफूहरूलाई त्यतिबेला ऊर्जा मिलेको पूर्वउपकुलपति मल्लले जानकारी गराउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले अमर स्रष्टा अम्बर गुरुङको सङ्गीतमा नेपालप्रतिको योगदान चिरकालसम्म स्मरण गरिने विश्वास व्यक्त गर्नुभयो । '१९९४ सालमा भारतमा जन्मनुभएका अग्रज सङ्गीतकार अम्बर गुरुङले हामीलाई अमूल्य सङ्गीत दिएर जानुभयो । तर, उहाँ आफ्ना सिर्जनाबाट हामीमाझ सधैं अमर हुनुहुन्छ,' रसिकले भन्नुभयो ।

अग्रज गीतकार रत्नशमशेर थापाले अम्बर गुरुङका साङ्गीतिक धुनमा गीत लेख्दाका अनुभव सुनाउनुभयो । अम्बर गुरुङसँग गीत सङ्गीत सृजना गर्दाको दिन सम्झँदै उहाँले भन्नुभयो, 'नयाँ सङ्गीतको धुन तयार पारेपछि उहाँले मलाई शब्द सिर्जना गर्न बोलाउनुहुन्थ्यो । उहाँले तयार गरेका धुन सुनेर मैले गीतहरू रचना गर्थें ।' थापाको भनाइमा अम्बर गुरुङले नेपालमा भित्र्याउनुभएको क्वार्ज म्युजिकको आफ्नै महत्व रहेको छ ।

सङ्गीतकार एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य यज्ञराज उपाध्यायले अम्बर गुरुङ गीत सङ्गीतका मर्मज्ञ भएको स्मरण गर्दै भन्नुभयो, 'नेपालको माटो सुहाउँदो सङ्गीत सृजना गर्ने अम्बर गुरुङले देशभक्ति तथा राष्ट्रगान हामीमाझ छाडेर जानुभयो । उहाँले हामीलाई पनि यस्तै सङ्गीत सिर्जनाका लागि प्रेरित गर्नुभएको छ ।'

म्युजिक नेपालका प्रबन्ध निर्देशक सन्तोष शर्माले पनि स्रष्टा गुरुङलाई साङ्गीतिक आकाशका नक्षत्रका रूपमा सम्झिरहने छौं, भन्नुभयो । गुरुङले सिर्जना गर्नुभएका सबै गीतहरू कालजयी भएको शर्माको भनाइ थियो । सङ्गीतकार संघका महासचिव महेश खड्काले पनि अम्बर गुरुङलाई आफ्नो प्रेरणाको स्रोतका रूपमा व्याख्या गर्नुभयो । खड्काले अमर स्रष्टा गुरुङ राम्रा साहित्यकार, सङ्गीतकार र गायक हुनुहुन्थ्यो, भन्नुभयो ।



अम्बर गुरुङका सुपुत्र किशोर गुरुङले आफ्ना बुबालाई शालिन र भद्र स्वभावको व्यक्तित्वका रूपमा स्मरण गर्नुभयो । बुबाको व्यक्तित्वले आफू सधैं प्रभावित हुने गरेको पनि किशोरले बताउनुभयो । बुबाले साङ्गीतिक क्षेत्रमा पुर्‍याएको योगदानको उहाँले चर्चा गर्नुभयो ।





# प्रदेश-५ को लोकसङ्गीतबारे अन्तरक्रिया



बुटवल । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, आधुनिक सङ्गीत विभागकी प्रमुख एवं प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला' को संयोजकत्वमा गत २४ जेठ २०७४ मा प्रदेश-५ को लोकसङ्गीत, लोकनृत्य, नाटकबारे बुटवलमा अन्तरक्रिया आयोजना गरियो ।

कार्यक्रममा प्राज्ञ परिषद् सदस्य बोहराले देशभर रहेका लोकसङ्गीत, लोकनृत्य, नाटकको इतिहास खोतल्दै हरेक प्रदेशको अनुसन्धान ग्रन्थ प्रकाशन गर्न लागेको जानकारी गराउनुभयो । सोही अनुसन्धानका लागि बुटवलमा यो कार्यक्रम आयोजना गरिएको पनि उहाँले प्रस्ट पार्नुभयो । कार्यक्रममा विज्ञहरूले लुम्बिनी अञ्चल पश्चिम नेपालको साहित्य, सङ्गीत र नाट्यकलाको हिसाबले उर्बरभूमि भएको निष्कर्ष निकाल्नुभयो । प्रदेश-५ ले सङ्गीत, नाट्य, नृत्य, कला, साहित्य क्षेत्रमा इतिहासदेखि नै आफ्नो विराट छवि कायम राखेको विज्ञहरूले बताउनुभयो । प्रदेश-५ को प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गतको आयोजना गरिएको अन्तरक्रियामा कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरूले सो प्रदेश कला संस्कृतिले धनी भएको निष्कर्ष निकाल्नुभएको थियो ।

सहप्राध्यापक मुकुन्द शर्माले लुम्बिनी क्षेत्रले विभिन्न जातीय पहिचानसमेत झल्काउने परम्परा समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले कार्यपत्रमार्फत यहाँ हुने नेवारी जात्रा त्यस क्षेत्रको जातीय परम्परा रहेको बताउनुभयो । नेवारी भजनले समेत मौलिक नेपाली सङ्गीत क्षेत्रमा नयाँ कलाको जगेर्ना गरेको सहप्राध्यापक शर्माको तर्क थियो । अन्तरक्रियामा डा.कपिलदेव लामिछानेले रूपन्देहीको रङ्गमञ्च र अभिनय कलाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । तराई र पहाडको समिश्रण रहेको रूपन्देहीमा व्यावसायिक नाटक मञ्चन २०२३ सालदेखि सुरू भएको र अभिनय कला अघि बढेको जानकारी गराउनुभयो । मोदनाथ प्रश्रितले लेख्नुभएको नाटक भैरहवामा २०२३ सालमा मञ्चन गरेर नाटकको व्यावसायीकरण गर्दै यसलाई अघि बढाइएको उहाँले प्रकाश पार्नुभयो । रूपन्देहीका सिनेमा हल, विद्यालयका कोठा र विभिन्न क्लबमार्फत अभिनय कला अघि बढेको लामिछानेको कार्यपत्रमा उल्लेख गरिएको थियो ।

यस्तै, प्रा.डा. हिरण्ड्य झवालीले लुम्बिनी क्षेत्रका साङ्गीतिक परम्पराबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्रमा लुम्बिनी लोकसङ्गीतको थलो रहेको उल्लेख गरिएको थियो । प्रा.डा. झवालीले पाल्पाका गन्धर्वदेखि महेश पाल्पालीसम्मका थुप्रै कलाकारले नेपालको सङ्गीतमा नयाँ आयाम थप्ने काम गरेको बताउनुभयो ।

कार्यक्रममा प्रा.डा. राजाराम सुवेदीले अनुसन्धान परियोजनाबारे थप प्रकाश पार्नुभएको थियो । पत्रकार दीपक झवालीले प्रदेश-५ को लोकसङ्गीत, लोकनृत्य, लोकनाच तथा नाटकको विविधताबारे चर्चा गर्नुभएको थियो । अन्तरक्रियामा साहित्य, सङ्गीत, नाट्य, नृत्य क्षेत्रका कलाकर्मीहरूको उल्लेख्य सहभागिता थियो ।



# भव्य भयो **विश्व सङ्गीत दिवस २०१७**



काठमाडौं । वर्षकै लामो दिनका रूपमा परिचित जुन २१ (असार ७) लाई दिनभर सङ्गीत सुनेर मनाउने प्रचलन सन् १९८२ देखि फ्रान्सबाट सुरू भएको थियो । सोही प्रचलनअनुसार विविध साङ्गीतिक गतिविधिसहित गत ७ असार २०७४ मा जमलस्थित राष्ट्रिय नाचघरको मेघा हलमा विश्व सङ्गीत दिवस मनाइयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग, सांस्कृतिक संस्थान, नेपाल साङ्गीतिक संघ र नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयले सहकार्य गर्दै संयुक्त रूपमा ७ असारमा विश्व सङ्गीत दिवस मनाएको हो। उपराष्ट्रपति नन्दबहादुर पुनले सांस्कृतिक संस्थानमा आयोजित विश्व सङ्गीत दिवसको शुभारम्भ गर्नुभयो। सोही क्रममा पुनले नेपाली साङ्गीतिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका गीतकार डा. रामविक्रम सिँजापति, सङ्गीतकार जगतमर्दन थापा, वाद्यवादक किशोर गुरूङ, नृत्यकार हनि श्रेष्ठ, गायक जेबी टुहुरे र गायिका इन्दिरा श्रेष्ठलाई सम्मान प्रदान गर्नुभयो ।

कार्यक्रममा उपराष्ट्रपति पुनले विश्व सङ्गीत दिवसले नेपाली कला, कलाकार, सङ्गीतको प्रवर्द्धन र संरक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले कलाकारलाई गहनाका रूपमा भूमिकाविहीन बनाउने नभई समाज परिवर्तनका संवाहक बनाउन संघहरूले विशेष भूमिका खेल्नुपर्ने बताउनुभयो ।

सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले धन्यवाद ज्ञापन गर्नु हुँदै विश्व सङ्गीत दिवसको विश्वव्यापी महत्वबारे चर्चा गर्दै सङ्गीतको कुनै सिमाना र भाषा हुँदैन, भन्नुभयो ।

सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले हिमालदेखि तराईसम्मका जातजातिको मौलिक गीत सङ्गीत र नृत्यको संरक्षणको गतिविधि संस्थाले गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका संयोजक तथा नेपाल साङ्गीतिक संघका अध्यक्ष मिलन मोक्तानले विभिन्न संस्थासँग मिलेर विश्व सङ्गीत दिवस मनाउँदै आएको जानकारी दिनुभयो। नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयका रजिस्ट्रार राजेन्द्र सिग्देलले पनि विश्व सङ्गीत दिवसको महत्वबारे चर्चा गर्नुभयो ।

नेपाली सेनाको साङ्गीतिक प्रस्तुतिसँगै कार्यक्रम सुरू भएको थियो। चार घन्टासम्म सञ्चालन भएको कार्यक्रममा आनन्द कार्कीले यी हल्ला हुन् तिमीले सुनेका...लगायतका गीत, धिरज राईले...लुकीलुकी आँखा तिमी नजुधाउ...सहितको गीत, गुरूदेव कामतले ठुमरी गीत...गाउनुभएको थियो ।

यस्तै, साधना कला केन्द्रबाट स्वजन रघुवंशी र आशा गौतमद्वारा प्रस्तुत भैरवकाली नृत्य सशक्त थियो । यसैगरी निशा लिम्बू, अन्तरा समूह, जात्रा ब्यान्डको साङ्गीतिक प्रस्तुति पनि आकर्षक थियो । सांस्कृतिक संस्थानका कलाकारले एक दर्जनभन्दा बढी लोकगायन, नृत्य, साङ्गीतिक धुन प्रस्तुत गरेका थिए ।






# गोदावरीमा **डबलीयात्रा-२०७४**



ललितपुर । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, रङ्गमञ्च विभागद्वारा ८ असार २०७४ मा ललितपुरको गोदावरीस्थित कञ्चन माविको प्राङ्गणमा डबली यात्रा-२०७४ आयोजना गरियो । प्रतिष्ठानका प्रज्ञा परिषद् सदस्य तथा रङ्गमञ्च विभागका प्रमुख पुष्करबहादुर गुरूङको संयोजन तथा प्रज्ञा सभा सदस्य कृष्णभक्त महर्जनको सह-संयोजनमा सम्पन्न डबली यात्रामा नाटक, गीत, सङ्गीत तथा नृत्य प्रस्तुत गरिएको थियो ।

काठमाडौंको अनामनगरस्थित मण्डला थियटरले केही हप्तादेखि मञ्चन गर्दै आएको नाटक 'सलेदो' लाई सो थियटरका कलाकारले डबली यात्राको सुरूमा मञ्चन गरेका थिए । नाटकलाई सिर्जना अधिकारीले निर्देशन गर्नुभएको थियो । सुलक्षण भारतीद्वारा लिखित सो नाटकलाई भारती आफैंले डबलीमा एकल मञ्चन गर्नुभएको थियो । मार्मिक भाव बोकेको नाटक सलेदोले दर्शकहरूलाई भावुक बनाएको थियो । करिब एक घन्टाको नाटकले स्कुलका विद्यार्थीदेखि गाउँलेसम्मलाई आकर्षण गरेको थियो ।

नाटक सकिएलगत्तै डबली यात्रामा विविध सांस्कृतिक कार्यक्रम सुरू भएको थियो । कार्यक्रमको दोस्रो प्रस्तुतिस्वरूप लाखे नृत्य प्रस्तुत गरिएको थियो । जसले दर्शकहरूको ध्यान आकर्षित गर्न सफल भएको थियो । त्यसैगरी, कार्यक्रमको अर्को प्रस्तुतिस्वरूप कञ्चन माविका छात्राहरूद्वारा झ्याउरे गीतमा नृत्य प्रस्तुत गरिएको थियो । स्थानीय कलाकारहरूबाट सो कार्यक्रममा प्रस्तुत गरिएको टप्पा नृत्य, नेवारी नृत्य र तामाङ सेलो पनि डबली यात्राको आकर्षण बन्यो ।

संयोजक एवं प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले डबली कार्यक्रमको माध्यमबाट विद्यार्थीहरूमा कला क्षेत्रमा लाग्न थप प्रोत्साहन मिल्ने बताउनुभयो । परम्परागत डबली मञ्चन प्रचलनलाई जोगाउँदै कला क्षेत्रलाई माथि उठाउन यस्तो कार्यक्रम अपरिहार्य रहेको धारणा उहाँले व्यक्त गर्नुभयो । गुरूङले नै कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कञ्चन माविका प्रधानाध्यापक नवराज महतले कार्यक्रमको आयोजनाका लागि आफ्नो स्कुललाई छनोट गरेकोमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले यस डबली



कार्यक्रमको माध्यमबाट विद्यार्थीहरूमा कला क्षेत्रमा लाग्न थप प्रोत्साहन मिल्ने बताउनुभयो । कला क्षेत्रलाई माथि उठाउन यस्ता कार्यक्रम अपरिहार्य रहेकाले आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो । डबली यात्रामा स्कुलका शिक्षकवर्ग, अभिभावक, विद्यार्थी तथा स्थानीय समुदायको उत्साहजनक उपस्थिति रहेको थियो ।



## सङ्गीत तथा नाट्य अकादेमी र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबीच

# द्विपक्षीय भेटघाट

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र भारतको नयाँ दिल्लीस्थित सङ्गीत तथा नाट्य अकादेमीबीच द्विपक्षीय भेटघाट तथा नाट्य सङ्गीत क्षेत्रमा आपसी सहकार्य गरिने सहमति भएको छ ।

गत २४ जुनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं प्रसिद्ध सङ्गीतकार शम्भुजीत बासकोटाको नेतृत्वमा भारतको एक साता भ्रमणमा गएको नेपाली प्रतिनिधिमण्डल र सङ्गीत तथा नाट्य अकादेमी नयाँ दिल्लीका कुलपतिसहित प्राज्ञहरूको भेटमा आपसी सहकार्यबारे सहमति भएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति बासकोटासहित प्राज्ञ परिषद् सदस्यहरू माधव प्रधान, रमेशरञ्जन झा, उदय श्रेष्ठ र कलाकार हरूको प्रतिनिधिमण्डल आपसी भेटघाट तथा सांस्कृतिक कार्यक्रमका लागि २४ जुनमा काठमाडौंबाट नयाँ दिल्ली प्रस्थान गरेको थियो ।



### नयाँ दिल्लीमा सांस्कृतिक प्रस्तुति

भ्रमणको क्रममा २५ जुनमा भारतको नयाँ दिल्लीस्थित ह्यात रिजेन्सीमा नेपाली दूतावासको सहकार्यमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले विविध सांस्कृतिक कार्यक्रम आयोजना गऱ्यो । प्रज्ञा प्रतिष्ठानको टोलीका साथमा गएका कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिएका थिए । सो प्रस्तुतिले कार्यक्रमलाई सङ्गीतमय बनाएको थियो ।

कार्यक्रममा भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले यस्ता द्विपक्षीय भेटघाट एवं सांस्कृतिक कार्यक्रमले दुई देशबीचको मित्रतालाई अझै प्रगाढ बनाउँदै लैजाने विश्वास व्यक्त गर्नुभयो । उहाँले आउँदा दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै जानुपर्ने कुरामा जोड दिनुभयो ।

प्रज्ञा प्रतिष्ठानका उपकुलपति



बासकोटाले यस्ता सांस्कृतिक कार्यक्रमले दुई देशबीचको सांस्कृतिक आदान प्रदानमा महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गर्नुभयो । उहाँले नेपाली सङ्गीत विश्वव्यापी रूपमा अगाडि बढ्दै गइरहेको कुरा पनि राख्नुभयो । सो साङ्गीतिक कार्यक्रमको सञ्चालन प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं नृत्य विभाग प्रमुख माधव प्रधानले गर्नुभएको थियो ।

कार्यक्रममा नेपालका लागि भारतका पूर्वराजदूतहरू केभी राजन, रणजित राय, विभिन्न देशका राजदूतहरू, उच्चपदस्थ अधिकारीहरू एवं भारतका सङ्गीत क्षेत्रसँग आबद्ध विशिष्ट व्यक्तित्वहरूका साथै नेपाली दूतावासका उच्चपदस्थ अधिकारीहरूको उपस्थिति थियो ।

**सङ्गीत तथा नाट्य अकादेमी नयाँ दिल्लीका पदाधिकारीसँग भेटवार्ता**

गत वर्ष भारत भ्रमणका क्रममा नेपालका तत्कालीन प्रधानमन्त्री केपी ओलीसँग भएको एमओयुबमोजिम द्विपक्षीय भेटघाटका लागि प्रज्ञा प्रतिष्ठानको प्रतिनिधिमण्डल भारतको सङ्गीत तथा नाट्य अकादेमी नयाँ दिल्ली पुगेको थियो । भ्रमणका क्रममा २६ जुनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान टोली र भारतको सङ्गीत तथा नाट्य अकादेमी नयाँ दिल्लीका पदाधिकारीबीच अकादेमीको भवनमा आपसी भेटघाट भयो ।

भेटका क्रममा उक्त अकादेमीका अध्यक्ष शेखर सेनसहितको टोलीले नेपालबाट त्यहाँ पुग्नुभएका प्रज्ञा प्रतिष्ठानको उपकुलपति बासकोटा प्राज्ञ परिषद् सदस्यहरू माधव प्रधान, रमेशरञ्जन झा, उदय श्रेष्ठसहित प्रतिनिधिमण्डललाई भव्यताका साथ स्वागत गरेको थियो ।

सो क्रममा द्विपक्षीय भेटघाट एवं छलफलमा दुई देशका बीचमा सांस्कृतिक आदान प्रदानका विषयमा जोड दिइएको थियो । भेटका क्रममा प्रज्ञा प्रतिष्ठानको तर्फबाट उपकुलपति बासकोटाले सो अकादेमीका अध्यक्ष सेन एवं सदस्यहरूलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिनुभएको थियो । निकट भविष्यमा दुई पक्षबीच नेपालको काठमाडौं,



पोखरामा र भारतको कुनै एक सहरमा साङ्गीतिक महोत्सव गर्ने तय भयो । छलफलका क्रममा सो अकादेमीले नेपाली विद्यार्थीहरूलाई भारतको राष्ट्रिय नाट्य विद्यालयमा छात्रवृत्ति प्रदान गर्ने विषयमा पनि छलफल भयो । छलफलपछि नेपाली भ्रमण टोलीले सो अकादेमीमा रहेका विभिन्न परम्परागत बाजाहरूको अवलोकन गरेको थियो । साथै, नेपाली कलाकार हरूले आफ्नो छोटो कलासमेत प्रस्तुत गरेको थिए ।

**राजदूत उपाध्यायसँग भेटघाट**

२६ जुन बेलुका नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान भ्रमण टोलीका



निम्ति भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले उहाँकै निवासमा रात्रीभोजको आयोजना गर्नुभयो । रात्रीभोजको औपचारिक कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट उपकुलपति शम्भुजीत बासकोटाले राजदूत उपाध्यायलाई मायाको चिनो प्रदान गर्नुभयो ।

सो अवसरमा उपकुलपति शम्भुजीतले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नयाँ दिल्लीमा सम्पन्न कार्यक्रमको सहजीकरण गरिदिनुभएको भन्दै राजदूत उपाध्यायलाई धन्यवाद ज्ञापन गर्नुभयो । उपाध्यायले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सङ्गीत तथा नाट्य अकादेमी भारतबीचको विगतको



सम्झौता र यसपटकको भेटघाटले आगामी दिनमा दुवै पक्षबीच सांस्कृतिक कार्यक्रम आदान प्रदानसहित सहकार्य अघि बढ्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले सञ्चालन गर्नुभएको कार्यक्रममा प्राज्ञ परिषद् सदस्यहरू रमेशरञ्जन झा, उदय श्रेष्ठ तथा प्रतिष्ठानका कर्मचारी र नेपाली कलाकारहरू पनि सहभागी हुनुहुन्थ्यो ।



**सङ्गीत महाविद्यालयको भ्रमण र आपसी छलफल**



२७ जुनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको टोली भारतको राजस्थानको जयपुर सहरमा रहेको महाराजा सवाई मानसिंह सङ्गीत महाविद्यालयमा द्विपक्षीय भेटघाट एवं छलफलका लागि त्यहाँ पुग्यो । सो सङ्गीत महाविद्यालयमा भएको भेटघाट एवं छलफल कार्यक्रममा महाविद्यालयका प्रतिनिधिहरूले सो सङ्गीत महाविद्यालय भारतको भारतखण्ड सङ्गीत महाविद्यालयसँग आवद्ध भई सञ्चालनमा आएको जानकारी गराउनुभयो । सो महाविद्यालयमा एमम्युजसम्मको अध्ययन हुने गरेको जानकारी उहाँहरूले दिनुभयो ।

भेटघाटमा नेपालका विद्यार्थीहरूलाई सङ्गीत अध्ययनका लागि के कस्तो छात्रवृत्ति प्रदान गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । भेटघाटपछि यस प्रज्ञा प्रतिष्ठानको टोलीले त्यहाँका विभिन्न सांस्कृतिक एवं कलात्मक स्थानहरूको भ्रमण गरेको थियो ।

**राष्ट्रिय नाट्य विद्यालयको अवलोकन**

त्यसैगरी, ३० जुनमा प्रज्ञा प्रतिष्ठानको टोलीले नयाँ दिल्लीस्थित राष्ट्रिय नाट्य विद्यालय (एनएसडी) को भ्रमण र अवलोकन गऱ्यो । सो अवसरमा प्रज्ञा प्रतिष्ठानले आफ्ना क्रियाकलापबारे जानकारी गरायो । त्यो विद्यालयका पदाधिकारीहरूले आफूहरूले सञ्चालन गर्दै आइरहेका गतिविधिबारे जानकारी गराउँदै आगामी दिनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग सहकार्य गरेर अगाडि बढ्ने चाहना व्यक्त गर्नुभयो । यसरी नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको टोली २५ देखि ३० जुनसम्म भारतमा द्विपक्षीय भेटघाट एवं सांस्कृतिक कार्यक्रम सम्पन्न गरेर १ जुलाईमा काठमाडौं फर्किएको थियो ।



# रोल्पामा बाल लोकगीत सम्मेलन

रोल्पा। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोकसङ्गीत विभागको आयोजनामा १६ असार २०७४ मा रोल्पाको लिङ्दुनमा ' बाल लोकगीत सम्मेलन-२०७४' आयोजना गरियो ।सम्मेलनको प्रमुख अतिथि स्थानीय समाजसेवी पूर्भान पुन मगर तथा अतिथिहरू त्रिवेणी गाउँपालिका, वडा नं. ३ का वडा अध्यक्ष टिकाराम ओली, वडा दस्यहरू हिमलाल खत्री, रामबहादुर घर्तीमगर, पवित्रा पुन र ओकी कमिनी हुनुहुन्थ्यो ।

सो बालगीत सम्मेलन कार्यक्रमकी अध्यक्ष एवं यस प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले आजका बालबालिका नै भोलि राष्ट्रिय कलाकार हुँदै उनीहरूको काँधमा लोकसङ्गीतको जगेर्ना गर्ने जिम्मेवारी आउने भएकाले त्यसका लागि तयार गर्न बाल लोकगीत सम्मेलन आयोजना गरिएको बताउनुभयो । वडाध्यक्ष टीकाराम ओलीले रोल्पा र सो क्षेत्रको लोकसङ्गीत र त्यसको महत्वबारे प्रकाश पार्नुभएको थियो ।



सम्मेलनमा १० देखि १५ वर्ष उमेर समूहका कलाकारले प्रत्यक्ष लोकगीत प्रस्तुत गरेका थिए । सम्मेलनमा सहभागीहरूद्वारा चलनचल्तीका स्थानीय तथा नयाँ लोकगीतहरू प्रस्तुत गरिएको थियो । प्रत्यक्ष गायन कार्यक्रममा बाद्यबादनतर्फ बाँसुरीमा पोषणराज घर्तीमगर, हारमोनियममा प्रकाश पुन, ढोलकमा शोभाराम घर्तीमगर, सारङ्गीमा हेमराज गन्धर्व, अक्टोप्याडमा पोषणराज श्रेष्ठ र मादलमा गुरूप्रसाद घर्तीमगरले साथ दिनुभएको थियो ।

सम्मेलनमा सिद्ध प्रावि थापर चौर, त्रिवेणी गाउँपालिका वडा नं. ४ समूह, जनकल्याण मावि सिम्पाने, सिद्धेश्वरी प्रावि रानागाउँ, दुर्गा भवानी आधारभूत विधालय त्रिवेणीका बालकलाकारले कला लोकगीत प्रस्तुत गरेका थिए । यस्तै सदावहार युवा क्लब, सरस्वती मावि लिङ्दुन, जनसेवा आधारभूत विधालय रामीडाँडा, नेपाल राष्ट्रिय प्रावि रातामाटा, बुढागाउँ मगरल्यान्ड एकेडेमी लिङ्दुङ र सयपत्री युवा क्लब लिङ्दुतका बालकलाकारले विविध लोकगीत सङ्गीत प्रस्तुत गरेका थिए ।



# नेपाली गायनमा नेपाली व्याकरणको प्रयोगबारे गोष्ठी

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, परम्परागत सङ्गीत विभागको आयोजनामा गत २३ असार २०७४ मा काठमाडौंको जमलस्थित नाचघरमा नेपाली सङ्गीत, गायनमा नेपाली व्याकरणको प्रयोगबारे एकदिने गोष्ठी आयोजना गरियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा सम्पन्न कार्यक्रमको उद्घाटन वरिष्ठ संस्कृतिविद् डा. मोदनाथ प्रश्रितले गर्नुभएको थियो । कार्यक्रममा गायिका लोचन भट्टराईले कार्यपत्र पेस गर्नुभएको थियो ।

गायिका भट्टराईले कार्यपत्रमार्फत नेपाली गायनमा व्याकरणको प्रयोग अशुद्ध हुँदै आएको विभिन्न उदाहरण पेस गर्नुभएको थियो । शब्दसँगै गीत गाउँदा उच्चारणका क्रममा पनि व्याकरणलाई ख्याल नगरिएको उहाँले कार्यपत्रमार्फत औंल्याउनु भएको थियो ।

गायिका भट्टराईको कार्यपत्रमाथि टिप्पणी गर्दै कवि डा. देवी नेपालले जस्तै नेपाली गीत लेखनदेखि गायनसम्म नेपाली व्याकरणको प्रयोग सही रूपमा हुन नसकेको प्रकाश पार्नुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, प्राज्ञ परिषद् सदस्य एवं सो कार्यक्रमका संयोजक उदय श्रेष्ठले गीत लेख्ने, गाउने तथा सङ्गीत गर्ने क्रममा नेपाली व्याकरणको प्रयोगमा ध्यान पुऱ्याउनु पर्ने आवश्यकता भएकाले त्यसबारे जानकारी गराउन गोष्ठीको आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि मोदनाथ प्रश्रितले गोष्ठीको विषयवस्तुको उठान महत्वपूर्ण भएको बताउनुभयो । हामीले बोल्दादेखि गाउँदासम्म व्याकरणको शुद्ध प्रयोगमा ध्यान पुऱ्याउन सके अझ राम्रो हुने उहाँले बताउनुभयो ।

यसैगरी, नेपाली गीत सङ्गीतमा नेपाली व्याकरणको शुद्ध प्रयोगबारे प्रयास सुरुवात गरिएकोमा डा. प्रश्रितले कार्यपत्र प्रस्तोता गायिका लोचन भट्टराईको मेहनतको प्रशंसा गर्नुभयो ।





आरजु कटुवाल, प्रथम



सरिना अधिकारी, दोस्रो



अस्मिता लिम्बू, तेस्रो

# पूर्वेली लोकभाकामा आधारित एकल नृत्य प्रतियोगिता सम्पन्न

मोरङ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नृत्य विभागको आयोजनामा २२ असार २०७४ मा मोरङको बेलबारीस्थित नेपाल तमु बुद्धिष्ट गुम्बामा 'पूर्वेली लोकभाकामा आधारित एकल नृत्य प्रतियोगिता–२०७४' आयोजना गरियो ।

पूर्वसामान्य प्रशासनमन्त्री लालबाबु पण्डितको प्रमुख आतिथ्य तथा बेलबारी नगरपालिकाका मेयर ज्ञानेन्द्र सुवेदी, समाजसेवी महेश रेग्मीको आतिथ्यमा आयोजित प्रतियोगितामा ११ जना नृत्य कलाकारले नृत्य प्रतिस्पर्धा गरेका थिए ।

नेपाल सङ्गीत तथा नृत्य प्रज्ञा प्रतिष्ठान, नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानको अध्यक्षतामा सम्पन्न प्रतियोगितामा इलाम, झापा, मोरङ, सुनसरी र उदयपुरका कलाकारहरूको सहभागिता रहेको थियो । प्रतियोगितामा गोर्खा डान्स सेन्टर बेलबारी, मोरङकी आरजु कटुवाल प्रथम हुनुभयो । उहाँको नृत्य निर्देशन उपेन्द्र दुमी राईले गर्नुभएको थियो । यस्तै, युनिभर्सल डान्स सेन्टर इलामबाट रोमित कर्माचार्यको नृत्य निर्देशनमा सरिना अधिकारी द्वितीय हुनुभयो । यस्तै, मोरङ बेलबारीकी अस्मिता लिम्बू तृतीय हुनु भयो ।

कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री पण्डितले पुरस्कार प्रदान गर्नुभयो । पुरस्कारबापत प्रथम हुनेले १२ हजार रूपैयाँ र प्रमाणपत्र, द्वितीय हुनेले आठ हजार रूपैयाँ र प्रमाणपत्र तथा तृतीय हुनेले पाँच हजार रूपैयाँ र प्रमाणपत्र प्राप्त गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री पण्डितले पूर्वेली लोकगायनमा आयोजना गरिएको लोकनृत्य प्रतियोगिताले लोकसङ्गीत र लोकनृत्यको प्रवर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रतियोगिताको अध्यक्ष तथा यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले लोकगायन र लोकनृत्यतर्फ अहिलेको पुस्तालाई आकर्षण गर्न प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । प्रतियोगिताको स्थानीय व्यस्थापन गायक सञ्जीव धिमाल, राष्ट्रिय जनसांस्कृतिक महासंघ मोरङद्वारा गरिएको थियो । कार्यक्रमको सञ्चालन पनि गायक धिमालले नै गर्नुभएको थियो ।



# मन्थलीमा डबली यात्रा सम्पन्न

रामेछाप । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नृत्य विभागको आयोजनामा २५ असारमा रामेछापको मन्थली बजारस्थित समुदायिक भवनमा विविध कार्यक्रमसहित 'डबली यात्रा-२०५४' आयोजना गरियो ।

मन्थली नगरपालिकाका मेयर रमेशकुमार बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमका विशिष्ट अतिथि स्थानीय समाजसेवी शान्तिराम पौडेल, अतिथिहरू आनन्द श्रेष्ठ, रोशन पाख्रिन, गोपाल श्रेष्ठ हुनुहुन्थ्यो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले स्वागत मन्तव्य राख्दै प्रतिष्ठानले डबली संस्कृतिलाई संरक्षण गर्न विभिन्न स्थानमा डबली यात्रा आयोजना गर्दै आएको जानकारी गराउनुभयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएको थियो । उहाँले डबली उद्घाटन समारोहलाई सम्बोधन गर्दै परापूर्वकालदेखि नेपालमा डबली प्रस्तुति प्रचलनमा रहेको र सो प्रचलनलाई निरन्तरता दिन यसपटक मन्थलीमा डबली यात्रा आयोजना गरिएको बताउनुभयो ।

मेयर बस्नेतले डबली यात्राका लागि मन्थलीलाई रोजेकोमा आयोजक पक्षलाई धन्यवाद दिँदै रामेछाप जिल्लाको लोक संस्कृतिको विकासमा डबली कार्यक्रम सहयोगी बनेको बताउनुभयो । स्थानीय समाजसेवी शान्तिराम पौडेलले पौराणिक र आधुनिक संस्कृतिबारे विकास गर्न डबली कार्यक्रम महत्वपूर्ण रहेको छ, भन्नुभयो । उहाँले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई यस्ता कार्यक्रमबाट रामेछापले सधैं सम्झने बताउँदै डबली यात्राका अध्यक्ष एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधान, प्राज्ञ परिषद् सदस्यहरू उदय श्रेष्ठ, पवित्रा घर्तीमगरलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

स्थानीय संस्कृतिकर्मी होमराज श्रेष्ठले सञ्चालन गर्नुभएको डबली यात्रामा श्री नाट्यश्वर प्रतिभा लोक सांस्कृतिक मञ्च चिसापनीका कलाकारले लोकगीत प्रस्तुत गरेका थिए । यस्तै, दाफा भजन खलः चिसापानी, माझी सांस्कृतिक समाज, मन्थली, हायु सांस्कृतिक समूह, तामाङ सांस्कृतिक समूह, सुनुवार सांस्कृतिक समूहद्वारा सो डबलीमा आ-आफ्ना लोकगीत सङ्गीत एवं नृत्य प्रस्तुत गरिएको थियो ।

यस्तै, राष्ट्रिय गायक गुणराज श्रेष्ठ, ईश्वरी बस्नेतलगायतका कलाकारहरूको साङ्गीतिक प्रस्तुति डबली यात्राको आकर्षक बनेको थियो । प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले डबली यात्राका सहयोगी तथा कार्यक्रममा सहभागी संघ-संस्था र कलाकारलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# लोरिक गाथाबारे विमर्श

सिरहा । तराईमा प्रचलित लोरिक गाथाबारे नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा विमर्श तथा श्रव्य दृश्य छायांकन गरिएको छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाको संयोजकत्वमा गत ७ असार २०७४ मा सिरहा नगरपालिका सन्हैठा र रौटहटको गरूडामा 'लोरिक गाथा गायन, छायांकन तथा विमर्श' गरिएको हो ।

सो क्रममा स्थानीय कलाकारले त्यहाँ प्रचलित लोरिक गायन सुनाउनु भएको थियो । कार्यक्रममा लोरिकको प्रचलन, यसको प्रयोग र लोरिकको महत्वबारे स्थानीय कलाकारले जानकारी गराएका थिए ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले परापूर्वकालदेखि प्रचलित लोरिक गाथा गायनको अवस्था, लोरिक गाथा गायनमा परिवर्तन आएको छ कि छैन र यसमा कस्तो भिन्नता छ भनेर सिरहा र रौटहटमा विमर्श र गायन कार्यक्रम गरिएको बताउनुभयो ।




# भानुलाई सम्झँदै

## साङ्गीतिक सद्भाव

काठमाडौं । आदिकवि भानुभक्तको २०४औं जन्मजयन्तीको अवसरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले २९ असार २०७४ मा काठमाडौंमा साङ्गीतिक कार्यक्रम आयोजना गर्‍यो । अग्रजदेखि नयाँ पुस्ताका कलाकार र दर्शकबीच सङ्गीतिक आदान प्रदानसहित सद्भाव प्रस्तुत गर्न सो कार्यक्रम आयोजना गरिएको हो ।

वरिष्ठ गायक जगतमर्दन थापाको प्रमुख आतिथ्यमा सुरू भएको कार्यक्रममा सहभागीलाई संयोजक तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी सङ्गीत विभाग प्रमुख एवं प्रज्ञा परिषद् सदस्य उन्नती बोहरा 'शीला' ले स्वागत गर्नुभयो । उहाँले कार्यक्रममा मन्तव्य राख्दै भानु जयन्तीको दिनमा भानुभक्तलाई सम्झेर मात्र नहुने, उहाँले नेपाली भाषा साहित्यको विकासमा पुर्‍याएको योगदानको स्मरण गर्दै हामी पनि सोहीअनुसार अघि बढ्नुपर्छ, भन्नुभयो । प्राज्ञ परिषद् सदस्य बोहराले सङ्गीतबाट आपसी सद्भाव बढाउन सो कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले नेपाली साहित्य तथा लोकसङ्गीतमा आदिकवि भानुभक्तको योगदानबारे प्रकाश पार्नुभयो । भानुभक्तले देखाएको नेपाली साहित्य तथा गीत सङ्गीतको मार्गले आज नेपाली गीत सङ्गीत तथा साहित्य यो अवस्थासम्म आइपुगेको उपकुलपति शम्भुजीतले बताउनुभयो । उहाँले भानुलाई सम्झँदै अग्रज तथा नयाँ पुस्तासम्मका सर्जकहरू यसरी एकै ठाउँमा उपस्थित भएर गीत सङ्गीत प्रस्तुत गर्दा आपसमा सद्भाव बढ्नुका साथै अग्रजबाट नयाँ पुस्ताले सिक्ने अवसर पाउनेछन् भन्नुभयो ।

अग्रज गायक जगतमर्दन थापाले उपकुलपति बासकोटाको बुबासँग आफूले गीत गाउने अवसर पाएको स्मरण गर्नुभयो । उहाँले नेपाली साहित्य र लोकसङ्गीतमा भानुको योगदानको स्मरण गर्नुभयो ।

सो क्रममा अग्रजदेखि नयाँ पुस्तासम्मका गायक गायिकाले आधुनिक नेपाली गीतसङ्गीत प्रस्तुत गर्दा करिब दुई घन्टा कार्यक्रम सङ्गीतमय भएको थियो । गायक रामहरि कपालीले बंगलामुखीको भजन गाएर सो सद्भाव साङ्गीतिक कार्यक्रमको सुरू गर्नुभएको थियो । यसपछि वरिष्ठ गायिका शकुन्तला प्रधानले शास्त्रीय गायनबाट कार्यक्रमलाई केही समय शास्त्रीय सङ्गीतमय तुल्याउनुभयो । अघिल्ला पुस्ताका गायकहरूमध्ये गुरुदेव कामतले आँशु भयो मेरो गीत...गाएर दर्शकलाई एकछिन गम्भीर तुल्याउनुभयो ।

यस्तै गायिका टीका प्रसाईले मलाई उजाड बनाएर...बोलको गीत गाउनुभयो । कार्यक्रममा जुना प्रसाईले तिमीलाई माया गर्ने भूल भयो...गाउनु भएको थियो । गायिका प्राश्ना शाक्यले डाँडाकाँडा ढकमक ढाक्यो... गीत सुनाएर कार्यक्रमलाई सङ्गीतमय तुल्याउनुभयो । गीतबाट सद्भाव जोड्ने क्रममा कार्यक्रममा गायक विश्व नेपालीले यो लामो जीवन...गाएर कार्यक्रमको रौनकता बढाउनुभयो । उहाँले आफ्नो एउटा रोमाञ्चकारी पपगीत पनि सुनाएर केही क्षण दर्शकबाट ताली पाउनुभयो ।

सो कार्यक्रमको समापनमा बिट मार्दै ८२ वर्षीय अग्रज गायक जगतमर्दन थापाले





१८ वर्षीय जोश देखाउँदै प्रेमभावको गीत आशाको दियो बालेर...गाउनुभयो । यो गीत गाउँदा उहाँलाई दर्शकदीर्घाबाट निरन्तर तालीले साथ दिइएको थियो । कार्यक्रममा मनोहर सुनामको सेभेन नोट्स साङ्गीतिक समूहले प्रत्यक्ष बाद्यवादन प्रस्तुत गरेको थियो ।

# अन्तर्राष्ट्रिय नेपाली कविता महोत्सव नयाँ दिल्लीमा

# कुलपति विशेष अतिथि





काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले भारतको दिल्लीस्थित साउथ एसियन युनिभर्सिटीद्वारा आयोजित 'प्रथम अन्तर्राष्ट्रिय नेपाली कविता महोत्सव-२०१७' मा प्रतिष्ठानका तर्फबाट आतिथ्यता ग्रहण गर्दै महोत्सवमा विशेष अतिथिका रूपमा सहभागी हुनुभएको छ ।

गत ७ जेठ (२१ मे) मा आयोजित कार्यक्रममा सहभागी हुन कुलपति सरूभक्त ६ जेठमै काठमाडौंबाट दिल्ली प्रस्थान गर्नुभएको थियो । उहाँसँगै नेपालबाट समालोचक प्रा.डा. अभि सुवेदी र कवि एवं डा.नवराज लम्साल नेपालका तर्फबाट सहभागी हुनुभएको थियो ।

महोत्सबमा आयोजित नेपाली भाषाको कविताबारे नेपाल र भारतबाट सहभागी नेपाली भाषी साहित्यकारले आ-आफ्ना कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विशेष वक्ताका रूपमा कुलपति सरूभक्तले 'नेपाली कविताको समसामयिक सन्दर्भ' शीर्षकमा ' कि नोट' प्रस्तुत गर्नुभएको थियो । अहिलेको अवस्थामा नेपाली कविता कता जाँदैछ र नेपाली कविहरूको सृजनाले कुन मोड लिइरहेको छ भन्ने विषयमा केन्द्रित सो प्रस्तुत महोत्सवको सशक्त पाटो बनेको थियो ।



महोत्सवमा कुलपति सरूभक्तसहित, नेपालबाट डा.नवराज लम्साल, डा.अभि सुवेदी, रामलाल जोशी, भारतबाट सिक्किमका डा.राजेन्द्र भण्डारी, दार्जिलिङका सुकुल प्रधान, जगत दर्नाल र राजा पुनियानी, आसामकी देवकी तिमल्सिना, देहरादुनका भुपिन्द्र अधिकारी, दक्षिण भारतका पाब्लो नेरूदा, अल इन्डिया रेडियोका विष्णु गुरूङ र भारतीय साहित्य अकादेमीका पूर्वकुलपति अशोक बाजपेयीले पनि नेपाली र भारतका विभिन्न भाषाका कविताबारे कार्यपत्र एवं विचार प्रस्तुत गर्नुभएको थियो ।

महोत्सवबारे आयोजक संस्थाका तर्फबाट डा. युवराज पोखरेलले प्रकाश पार्नुभएको थियो । भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले प्रमुख अतिथिका तर्फबाट महोत्सव नेपाली साहित्यको विकासका लागि महत्वपूर्ण सावित हुने बताउनुभयो । महोत्सवमा यस प्रतिष्ठानका कुलपति सरूभक्तसहित सहभागी कविहरूले आफ्ना कविता बाचन गर्दै महोत्सवको अन्तिम सेसन कवितामय तुल्याउनु भएको थियो ।

# कुलपति र उपकुलपतिद्वारा गायक खनाल अभिनन्दित



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भुजीत बासकोटा, प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला', नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले अग्रज लोकगायक रामप्रसाद खनाललाई गत १९ असार २०७४ मा काठमाडौंमा एक समारोहबीच एक दर्जनभन्दा बढी संस्थाबाट संयुक्त रूपमा अभिनिन्दित गर्नु भएको छ ।

डा. हर्कबहादुर बुढामगर स्मृति प्रतिष्ठानकी अध्यक्ष एवं प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला' को संयोजकत्वमा सम्पन्न कार्यक्रममा कुलपति सरूभक्तले राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरको पुरस्कार पाइसकेका गायक खनाललाई यति धेरै संस्थाले सामूहिक अभिनन्दन गर्नुले भविष्यमा अझ धेरै काम गर्न ठूलो प्रेरणा मिल्ने बताउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति बासकोटाले २०४२ सालमा रेडियो नेपालबाट गायनमा स्वर परीक्षा पास गरेपछि तीन दशकयताबाट निरन्तर गायक खनाल लोकदोहोरी गायनमा लागेको बताउनुभयो । एक दशकसम्म नेपाली टेलिभिजन च्यानलबाट लोकदोहोरी कार्यक्रम सञ्चालन गरेर लोकगीतलाई टिभीमार्फत गाउँबेसी सहर हुँदै देश विदेशमा स्थापित गरेकाले खनालको लोकसङ्गीतको जगेर्नामा अतुलनीय योगदान रहेको उपकुलपति शम्भुजीतले बताउनुभयो ।

खनालको लोकसङ्गीत तथा पत्रकारितामा योगदानबारे नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला'ले प्रकाश पार्नुभयो । खनाललाई डा.हर्कबहादुर बुढामगर स्मृति प्रतिष्ठानसहित, अनेसास, गुञ्जन, अन्तर्राष्ट्रिय कलाकार मञ्च नेपाल, महिला गीतकार संघ, बनिता त्रैमासिक, नारी स्वर, नारी साहित्य प्रतिष्ठान, महिला सञ्चार समूह, गोधुली साहित्य प्रतिष्ठान, जलेरिका साहित्य सेवा र नेपाल पत्रकार मञ्चले संयुक्त अभिनन्दन गरेको हो ।

## कुलपतिद्वारा पुरस्कार प्रदान

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले ३० असार २०७४ मा अग्रज गायक खड्ग गर्बुजालाई 'अर्जुन नेपाली स्मृति सङ्गीत पुरस्कार-२०७४' बाट सम्मानित गर्नुभएको छ । सङ्गीत प्रशिक्षण केन्द्रद्वारा भायोलियनबादक स्व.अर्जुन नेपालीको स्मृतिमा हरेक दुई वर्षमा प्रदान गरिँदै आएको सो पुरस्कार यसपटक १५ हजार रूपैयाँ र प्रमाणपत्रसहित कुलपति सरूभक्तले गायक गर्बुजालाई प्रदान गर्नुभएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति सरूभक्तले नेपाली लोकसङ्गीतमा खड्ग गर्बुजाको योगदान उल्लेख्य रहेको स्मरण गर्दै उहाँलाई पुरस्कृत गर्न पाउँदा खुसी लागेको बताउनुभयो । सङ्गीत प्रशिक्षण केन्द्रका अध्यक्ष गौतम बिजुक्छेले दिवंगत स्रष्टा अर्जुन नेपाली र उहाँको स्मृतिमा स्थापित पुरस्कारबारे कार्यक्रममा प्रकाश पार्नुभएको थियो ।

## कुलपतिको प्रमुख आतिथ्यमा मनाइयो विश्व सङ्गीत दिवस

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यमा ७ असार २०७४ मा विश्व सङ्गीत दिवस मनाइयो । प्रज्ञा प्रतिष्ठानको सहकार्यमा पोखरास्थित उद्योग वाणिज्य संघको हलमा सम्पन्न कार्यक्रमको आयोजना गुरूकुल सङ्गीत प्रशिक्षण केन्द्र, तराना म्युजिक सेन्टर र भक्ति सङ्गीत प्रतिष्ठानद्वारा संयुक्त रूपमा गरिएको थियो ।

कार्यक्रमको सहआयोजकमा पोखरेली युवा सांस्कृतिक परिवार, सङ्गीत प्रशिक्षण केन्द्र विन्दवासिनी, हिमाली सांस्कृतिक परिवार, अलिमिया लोक वाङ्मय प्रतिष्ठान, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्की, सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान नेपाल, पोखरा साङ्गीतिक कलाकार संघ नेपाल, झिंगु भाय झिंगु संस्कृति पुचः, अनुशिलन कला पाठशाला, जोजिजु म्युजिक स्कुल, पोखरा लोकधुन समूह, त्रिवेणी सङ्गीतालय, साङ्गीतिक कलाकार संघ कास्कीलगायत थिए ।

प्रतिष्ठानका कुलपति सरूभक्तले विश्व सङ्गीत दिवसका अवसरमा सबैलाई शुभकामना दिनु हुँदै पोखरा जस्तो पर्यटकीय महानगरमा सङ्गीत नाट्य पाठशालाका साथै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको क्षेत्रीय शाखा खोल्ने योजना सुनाउनुभयो । गुरूकुल सङ्गीत प्रशिक्षण केन्द्रका अध्यक्ष तीर्थराज पोखरेलले विश्व सङ्गीत दिवसबारे प्रकाश पार्नुभएको थियो । विश्व सङ्गीत दिवस मनाउने क्रममा सहभागी कलाकारले विविध लोकगीत, सङ्गीत, नृत्य प्रस्तुत गरेका थिए ।

# कुलपतिको अध्यक्षतामा पोखरामा भानु जयन्ती मनाइयो




पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपतिको अध्यक्षतामा गत २९ असारमा पोखरामा २०४औं भानु जयन्ती विविध कार्यक्रमको आयोजनासहित मनाइएको छ ।

भानु वाङ्मय प्रतिष्ठान पोखराद्वारा आयोजित कार्यक्रममा भानु जयन्तीको दिन बिहान महेन्द्रपुलको चिप्लेढुङ्गाबाट विविध झाँकीसहितको र्‍याली निकालिएको थियो । भानुको तस्बिर, ब्यानरयुक्त र्‍यालीमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल स्काउट, शिक्षक, विद्यार्थी, साहित्यकारलगायत सहभागी थिए । भानु वाङ्मय प्रतिष्ठान पोखराका अध्यक्ष सरूभक्तको संयोजकत्वमा निक्लिएको र्‍याली फुलबारीस्थित भानुपार्कमा पुगेर बिसर्जन भएको थियो ।

पश्चिमाञ्चल क्षेत्रीय प्रशासकको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा भानुपार्कमा रहेको भानुको पूर्णकदको सालिकमा क्षेत्रीय प्रशासक, यस प्रतिष्ठानका कुलपति सरूभक्तलगायत सहभागीले फूलमाला चढाउनु भएको थियो । प्रतिष्ठानका कुलपति सरूभक्तले आदिकवि भानुभक्तको नेपाली भाषा साहित्यमा योगदानबारे प्रकाश पार्नुभयो । विश्वमा फैलिएको नेपाली भाषाको एकताको प्रतीकको रूपमा भानुलाई लिने गरिएको उहाँले बताउनुभयो । कार्यक्रमका बुद्धिजीवी, साहित्यकारलगायतले भानुसम्बन्धी कविता बाचन गर्दै नेपाली साहित्य र भाषामा भानुको योगदानबारे चर्चा गर्नुभएको थियो ।

# उपकुलपति शम्भुजीतलाई लाइफटाइम लिजेन्ड्री अवार्ड

हेटौंडा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा 'पहिलो छायाँछवि लाइफटाइम लिजेन्ड्री अवार्ड-२०७४' बाट सम्मानित हुनुभएको छ । छायाँछवि क्रियसनद्वारा हेटौंडामा २२ असारमा आयोजित नवौं छायाँछवि डी सिने अवार्डमा उहाँ सम्मानित हुनुभएको हो ।

साढे चार दशक लामो समयदेखि सङ्गीत सिर्जनामा लागेर चलचित्रसहित सबै प्रकारका नेपाली सङ्गीतको संरक्षण, प्रवर्द्धन र विकासमा अविरल योगदान पुर्‍याएकाले उहाँको योगदानको कदरस्वरूप यो अवार्डबाट सम्मानित गरिएको हो । उहाँलाई छायाँछविका अध्यक्ष शान्तिप्रिय तथा कलाकारद्वय बसुन्धरा भुसाल र भुवन चन्दले सम्मान प्रदान गर्नुभएको थियो । सम्मानका क्रममा हलभरिका दर्शकले उठेर निरन्तर तालीले साथ दिए । अन्त्यमा उहाँले नै बस्न अनुरोध गरेपछि दर्शक बसेका थिए । दर्शकबाट व्यापक अनुरोध आएपछि उपकुलपति शम्भुजीतले सम्झना बिर्सना सलल..लगायत दुईओटा गीत प्रस्तुत गर्नुभएको थियो ।


एक दर्जन बढी चलचित्रका कथा लेख्नुभएको, करिब तीन सय चलचित्रका सङ्गीत सृजना गर्नुभएको, चार हजारभन्दा बढी गीतका सङ्गीत सर्जक, गायक र गीतकार रहनुभएकाले उहाँलाई सम्मान गरिएको आयोजक पक्षले जनाएको छ ।

सोही क्रममा छायाँछवि चलचित्रकर्मी रजत सम्मान-२०७३ बाट




अभिनेता सरोज खनाल र अभिनेत्री रूपा रानालाई सम्मानित गरिएको छ । यस्तै, ९ हजार ९ सय ९९ रूपैयाँ र तामपत्रसहितको छायाँछवि चलचित्र पत्रकारिता पुरस्कार-२०७४ बाट नयाँ पत्रिका दैनिकका पत्रकार लक्ष्मण सुवेदीलाई पुरस्कृत गरियो । कार्यक्रममा २०७३ मा प्रदर्शन भएका चलचित्र र सो चलचित्रसँग सम्बन्धित चलचित्रकर्मीलाई विभिन्न ३२ विधामा डि सिने अवार्ड प्रदान गरियो ।


# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित अनुसन्धानमूलक पुस्तकहरू




मूल्य रू : ६५०/-




मूल्य रू : ५००/-




मूल्य रू : ३२५/-

प्राज्ञिक संसार
२०७४ वैशाख/असार
Academia
Music-Drama Bulletin
सङ्गीत-नाट्य बुलेटिन

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np

**प्रधान सम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
भक्त श्रेष्ठ (सरूभक्त)
शम्भूजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नती बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा